# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक २२९ मंगलबार, २० असोज २०८३ | SOURYA NATIONAL DAILY | Tuesday, 6 October 2026 पृष्ठ : ८ मूल्य रु. ५


**महाधिवेशनको दोस्रो दिन**

# कांग्रेस बदल्ने योजना र प्रस्ताव प्रस्तुत

## सभापति र उपसभापतिको प्रतिवेदन कोशेढुंगा, तर व्यक्तिको महत्वाकांक्षा पूरा गर्न जम्बो पदाधिकारी मण्डल




**विक्रम रत्न**

काठमाडौं । पदाधिकारी र केन्द्रीय सदस्यका आकांक्षी धेरै भएपछि नेपाली कांग्रेसले विधान नै परिवर्तन गरेर केन्द्रीय कार्यसमितिको आकार बढाएको छ ।

महाधिवेशनको दोस्रो दिन सोमबारको बन्दसत्रले महामन्त्री प्रदीप पौडेलले पेस गरेको संशोधित विधान पारित गर्दै यसअघि २३२ सदस्यीय रहेको केन्द्रीय समिति अब २९७ सदस्यीय हुने व्यवस्था गरेको हो ।

पारित विधानमा पदाधिकारी संख्या बढाएर २४ पुऱ्याइएको छ । नयाँ विधानअनुसार अब केन्द्रीय समितिमा सभापतिसहित वरिष्ठ उपसभापतिको पद सिर्जना गरिएको छ ।

त्यस्तै, १ महिलासहित ४ उपसभापति, १ महिलासहित ३ महामन्त्री र १५ सहमहामन्त्री रहनेछन् ।

केन्द्रीय सदस्यमध्येबाट १ कोषाध्यक्ष मनोनीत हुनेछन् भने १ प्रवक्ता र १ सहप्रवक्ता रहने संशोधित विधानले व्यवस्था गरेको छ ।

यस्तै, केन्द्रीय सदस्यमा खुला ४५, महिला १५ तथा प्रत्येक प्रदेशबाट १ महिलासहित ४ सदस्य रहनेछन् । काठमाडौं उपत्यकाबाट १ महिलासहित २ केन्द्रीय सदस्य रहने व्यवस्था छ । दलिततर्फ ५ महिलासहित १४, आदिवासी जनजातितर्फ ८ महिलासहित २०, खस आर्यतर्फ ८ महिलासहित १८ र मधेसीतर्फ ५ महिलासहित १३ सदस्य रहनेछन् । जनसम्पर्क समितिबाट २ महिलासहित ७ तथा पिछडिएको वर्गबाट ३ केन्द्रीय सदस्य रहनेछन् ।

त्यस्तै, थारूतर्फ २ महिलासहित ६, श्रमिकतर्फ १ महिलासहित ३ र पेसागततर्फ २ महिलासहित ७, अपांगता भएका व्यक्तिबाट १ जना तथा प्रजातन्त्र सेनानीबाट ३, सातै प्रदेशबाट ३५ वर्षमुनिका २१ केन्द्रीय सदस्य रहने व्यवस्था गरिएको छ । अन्य ६६ सदस्य केन्द्रीय कार्यसमितिले मनोनीत गर्नेछ ।

### ४ मध्ये ३ प्रतिवेदन आज पारित गरिँदै

सोमबारको बन्दसत्रमा सभापति गगनकुमार थापाले 'राष्ट्रिय पुनर्जागरण र समुन्नति' शीर्षकको राजनीतिक प्रस्ताव पेस गरेका छन् भने उपसभापति विश्वप्रकाश शर्माले 'राजनीतिक संस्कृतिको क्षय र युगानुकूल रूपान्तरणको अभिभारा' शीर्षकमा समसामयिक प्रस्ताव पेस गरेका छन् । यस्तै, महामन्त्री प्रदीप पौडेलले विधान संशोधनसहितको सांगठनिक प्रस्ताव र कोषाध्यक्ष उमेश श्रेष्ठले आर्थिक प्रतिवेदन प्रस्तुत गरे । सोमबारको बन्दसत्रमा महामन्त्री पौडेलको प्रस्ताव पारित भए पनि सभापति, उपसभापति र कोषाध्यक्षको प्रतिवेदन भने आज मंगलबारको बन्दसत्रले पारित गर्नेछ ।

### यस्तो छ उपसभापति शर्माको प्रस्ताव

उपसभापति विश्वप्रकाश शर्माले पेस गरेको 'राजनीतिक संस्कृतिको क्षय र युगानुकूल रूपान्तरणको अभिभारा' शीर्षकको प्रतिवेदनमा कांग्रेस सुधारका लागि विभिन्न संकल्प र प्रतिबद्धता गरिएको छ । व्यक्तिको दोष संस्थालाई नबोकाउने, इतिहासको सम्मान गर्दै बिपीको विचार र उनले स्थापित गरेको पार्टीलाई पछिल्लो पुस्ताको काँध र मस्तिष्कमा भरोसायोग्य ढंगले स्थापित गर्ने उल्लेख छ ।

उपसभापति शर्माले लोकतान्त्रिक संस्कृतिको क्षय रोक्न भन्दै व्यक्तिको देवत्वकरण या दानवीकरणको प्रवृत्तिलाई नपछ्याउने, विचार समूहका नाममा स्थायी गुट नबनाउने, उम्मेदवार छनोटमा पहुँच र सम्बन्धको प्रभावलाई भत्काएर 'इलेक्सन ब्युरो'मार्फत गर्ने र पदमा पुगेपछि सधैं रहिरहन नसक्ने गरी विधि बनाएर नियन्त्रण र समाप्ति गर्ने संकल्प गरेका छन् ।

अत्यधिक निर्वाचन खर्च अन्त्य गर्न आवश्यक कानुनी र व्यावहारिक पहल गर्ने, चुनावका बेला गरेका घोषणापत्रको कार्यान्वयन भए/नभएको वार्षिक समीक्षा प्रतिवेदन व्यक्ति र पार्टी दुवैले गर्ने विधिको विकास गर्नेलगायत संकल्प उनको प्रतिवेदनमा छ ।

### 'नगर्ने १५ र गर्ने १५ काम'को संकल्प

कांग्रेसले महाधिवेशनमार्फत आफूले गर्ने १५ काम र नगर्ने १५ कामको संकल्प गरेको छ । संकल्पमा व्यक्तिकेन्द्रित राजनीति नगर्ने भनिएको छ । फरक विचार आत्मसात् गर्ने तर गुट नस्विकार्ने संकल्प पनि गरिएको छ ।

त्यस्तै, कुनै पद नदोहोऱ्याउने, विचार र सिद्धान्तलाई प्रतिकूल अवसरअनुसार नबदल्ने र पहुँच र प्रभावका आधारमा उम्मेदवारीलाई प्राथमिकता नदिने पनि संकल्प गरिएको छ । संकल्पमा पार्टी नेतृत्व, सदस्य र समितिको अपारदर्शिता स्वीकार नगर्ने पनि भनिएको छ ।

जनादेशलाई अहंकारमा बदल्ने दुस्प्रयास नगर्ने, चुनावी घोषणापत्रलाई ' ऋण लिएर बिर्सिने तमसुक' मा सीमित नगर्ने संकल्प पनि कांग्रेसले लिएको छ ।

कानुनी प्रक्रियामा राजनीतिक संरक्षणको विसंगति स्वीकार नगर्ने र सार्वजनिक पदलाई निजी लाभको माध्यम नबनाउने संकल्पमा उल्लेख छ । संकल्पमा सामाजिक सञ्जाललाई आन्तरिक विवादको अखडा नबनाउने पनि भनिएको छ ।

योग्य युवालाई नेतृत्व दिन कन्जुस्याइँ नगर्ने, समावेशिताको प्रयोगमा एउटै अनुहार दोहोऱ्याउन नदिने, योगदानलाई मात्रै योग्यताको आधार नबनाउने र स्वार्थलाई संस्था, विचार र लोकतान्त्रिक मूल्यभन्दा माथि नराख्ने कांग्रेसको संकल्प छ । ▸▸▸ बाँकी पृष्ठ ६

# 'हाम्रो अभियान पार्टी फुटाउने होइन, बलियो बनाउने हो'



**सौर्य समाचार**

काठमाडौं । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का वरिष्ठ नेता झलनाथ खनालले पार्टी नछाडेको बताएका छन् । शनिबार समाजवादी जागरण अभियान घोषणा गरेका खनालले आफूले पार्टीभित्रै बसेर अभियान चलाउने बताएका हुन् ।

सौर्य दैनिकसँगको अन्तर्वार्तामा खनालले भने, 'म पार्टीबाट बाहिरिएको भन्ने गलत प्रचार हो । म नेकपाको जुन ठाउँमा थिए, त्यही छु । तर, मैले आफैँले काम सिर्जना गरेर अभियान चलाउन लागेको हो । विचारको कुरा गर्दा विचारशून्यहरूले यस्तै भन्छन् ।'

**नेता खनालसँगको अन्तर्वार्ता पृष्ठ ५ मा**

कम्युनिस्ट आन्दोलनभित्र रहेको विचार शून्यता, सिद्धान्त शून्यता, वैचारिक रूपान्तरणको शून्यता चिर्न समाजवादी जागरण अभियान सुरु गरेको उनले बताए । उनले भने, 'नेपालको आधुनिक कम्युनिस्ट आन्दोलनभित्र धेरै बहस हुनपर्ने थियो, भएन । त्यो शून्यतालाई चिर्नका लागि हामी नयाँ बहसको थालनी गर्दै छौं ।'

उनले जागरण अभियान कम्युनिस्ट आन्दोलनको हितमा सुरु गरिएको बताए । उनले भने, 'सिंगो कम्युनिस्ट आन्दोलनलाई अग्रगतितर्फ लाने, एकताबद्ध गर्ने अभियान हो ।'

# दसैं आइसक्यो, तर उपत्यकामा ग्यास पाउन अझै सकस

## सामान्य अवस्थामा दैनिक २४० सिलिन्डर खपत गर्ने बिक्रेताले अहिले दिनमा १६० वटा मात्रै पाइरहेका छन्

**केशव भट्ट**

काठमाडौं । नेपालमा चाडपर्वको मौसम सुरु भइसक्दासमेत खाना पकाउने एलपी ग्यासको अभाव कायमै रहेको छ । दसैं-तिहारजस्ता महत्वपूर्ण चाडपर्व आउनै लाग्दासमेत काठमाडौं उपत्यकामा ग्यासको आपूर्ति सहज हुन सकेको छैन । सर्वसाधारणले ग्यास नपाएको गुनासो गरिरहेका छन् ।



ग्यास बिक्रेताहरूका अनुसार उद्योगबाट सामान्य अवस्थाको भन्दा ६० प्रतिशतभन्दा कम ग्यास आइरहेको छ । ग्यास बिक्रेता महासंघका उपाध्य गेहेन्द्रप्रसाद रिजालका अनुसार सामान्य अवस्थामा दैनिक २४० सिलिन्डर खपत गर्ने बिक्रेताले अहिले दिनमा जम्मा १६० वटा सिलिन्डर पाउने अवस्था छ ।

हाल बजारमा ग्यासको माग १५० प्रतिशतसम्म बढी रहेको, तर आफूहरूले सामान्य अवस्थाको तुलनामा ६० प्रतिशतभन्दा पनि कम मात्रामा ग्यास पाउने गरेको उनको भनाइ छ । ग्यास उद्योगी (बोटलिङ कम्पनी)हरूले ग्यास आउने समय वा बाटोको अवस्थाबारे स्पष्ट जानकारी नदिँदा थप समस्या भइरहेको बिक्रेताहरूको गुनासो छ ।

रिजालले ३० असोजसम्म निरन्तर दोब्बर (दैनिक ८० हजार सिलिन्डर) का दरले ग्यास उपत्यकामा आयात हुन सकेमात्र सर्वसाधारणका लागि दसैं सहज हुने बताए । हुनेखानेले ग्यास भण्डार गरेर राखेको भए पनि साना उपभोक्ता, विद्यार्थी र ज्यालादारी मजदुरहरू भने एउटै सिलिन्डर नपाएर समस्यामा परेको उनले बताए ।

नेपाल आयल निगमका प्रवक्ता मनोजकुमार ठाकुर भने दसैंसम्ममा उपत्यकामा ग्यासको माग आपूर्ति सामान्य बनिसक्ने बताउँछन् । उनले भने, 'केही दिनअघि भारतमा लोडिङ प्रभावित भएका कारण कम आयात भएको हो ।' उनका अनुसार पछिल्लो समय ४ दिन भारतमा लोडिङ प्रभावित हुँदा आयात केही घटेको हो । यो अक्टोबरमा २ दिन बिदा परेको र त्यसअघि हावाहुरीका कारण लोडिङ रोकिएको थियो । ठाकुरले हाल दैनिक ३० हजार सिलिन्डर बराबरको ग्यास उपत्यका भित्रिरहेको बताए । ▸▸▸ बाँकी पृष्ठ ६

# मनसुन सकिने बेला धुम्मियो आकाश

## मौसमविद् भन्छन् - मनसुन अझै सक्रिय छ, केही दिन आकाश धुम्मिएर वर्षाको सम्भावना छ

**सौर्य समाचार**

काठमाडौं । नेपालमा जुन १३ मा भित्रिएर अक्टोबर २ तारिखमा बाहिरिने मनसुन अझै सक्रिय छ । केही दिन सफा रहेको मौसम सोमबार पुनः धुम्मिएको छ । सोमबार देशका अधिकांश भागमा मौसम सफा रहेन भने केही स्थानमा पानी परेको छ ।



मौसमविद् विनु महर्जनका अनुसार अहिले पनि नेपालबाट मनसुन बाहिरिएको छैन । 'सामान्यतय नेपालबाट अक्टोबर २ मा मनसुन बाहिरिने भए पनि अहिले पनि मनसुन बाहिरिएको छैन,' महर्जनले भनिन्, 'पछिल्ला वर्षमा मनसुन ढिला गरी बाहिरिने गरेको छ । यो पटक पनि ढिला बाहिरिनेछ ।' उनका अनुसार नेपालबाट मनसुन बाहिरिन अझै केही दिन लाग्नेछ ।

अहिलेको मौसम धुम्मिने कारणबारे उनले भनिन्, ' पश्चिमी न्यूनचापीय प्रणालीका कारण आंशिक प्रभाव परेको छ । ▸▸▸ बाँकी पृष्ठ ६

# लुम्बिनी विकास कोष ५ महिनादेखि पदाधिकारीविहीन

## १२ पद रिक्त, ७२७ आवेदन परे पनि नियुक्ति अनिश्चित, सदस्यसचिवमा मात्रै २०९ आकांक्षी



**रामविकास चौधरी**

लुम्बिनी । गौतम बुद्धको जन्मस्थल लुम्बिनीको संरक्षण, प्रवर्द्धन र विकासको जिम्मेवारी पाएको लुम्बिनी विकास कोष ५ महिनादेखि पदाधिकारीविहीन छ । सरकारले कोषका १२ पदाधिकारीका लागि खुला आवेदन आह्वान गरी ७२७ जनाको आवेदन संकलन गरिसकेको भए पनि नियुक्ति प्रक्रिया अझै टुंगिएको छैन । पदाधिकारी रिक्त हुँदा कोषको नियमित प्रशासनिक कामसँगै नीतिगत निर्णय, दीर्घकालीन योजना तथा वार्षिक बजेट कार्यान्वयनमा समेत असर परेको छ ।

नेपाल सरकारले सार्वजनिक पदाधिकारीसम्बन्धी विशेष व्यवस्था लागू गरेपछि १९ वैशाखदेखि लुम्बिनी विकास कोषका तत्कालीन उपाध्यक्ष डा. ल्हारक्याल लामा, कोषाध्यक्ष ढुण्डीराज भट्टराई, सदस्यसचिव दीपक श्रेष्ठलगायत कार्यकारिणी र परिषद् सदस्यहरू पदमुक्त भएका थिए । त्यसयता नयाँ पदाधिकारी नियुक्त हुन सकेका छैनन् ।

यसबीच सरकारले खुला प्रतिस्पर्धाबाट नयाँ पदाधिकारी छनोट गर्ने प्रक्रिया अघि बढाए पनि आवेदन संकलनपछि छनोट र नियुक्तिको चरण लम्बिएको हो । लुम्बिनी विकास कोषका उपाध्यक्ष, सदस्यसचिव, कोषाध्यक्ष, योजना प्रमुखसहित १२ पदका लागि ७२७ जनाले आवेदन दिएका छन् । मन्त्रालयले सार्वजनिक गरेको रोस्टरअनुसार सदस्यसचिव पदमा सबैभन्दा बढी २०९ जनाको आवेदन परेको छ । ▸▸▸ बाँकी पृष्ठ ६


**मितव्ययी रुपमा चाडपर्व मनाऔं**

- चाडपर्व मनाउदा आम्दानी अनुसारको योजना बनाएर मात्र खर्च गरौं,
- देखासिकी र प्रतिस्पर्धाका लागि ऋण लिएर अनावश्यक खर्च नगरौं,
- आवश्यकता अनुसार मात्र सरसामान खरिद गर्ने बानी बसालौं,
- खरिद गर्दा स्थानीय तथा स्वदेशी उत्पादनलाई प्राथमिकता दिऔं,
- खाना तथा अन्य सामग्री खेर नफालौं,
- मितव्ययिता अपनाई परिवारको आर्थिक स्थायित्व कायम गरौं,
- चाडपर्वलाई अनावश्यक भड्किलो र खर्चिलो नबनाऔं ।

**चाडपर्वको खुसी खर्चको प्रतिस्पर्धामा होइन, आत्मीयता र सद्भावमा हुन्छ ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

# फर्पिङमा आज हरिशंकर जात्रा मनाइँदै

■ दिनेश आचार्य



काठमाडौँ । प्रत्येक वर्ष भाद्र शुक्ल द्वादशीका दिन सुरु भई १६ दिनसम्म मनाइने ऐतिहासिक हरिशंकर जात्रा आज मंगलबार फर्पिङमा मनाइँदै छ । जात्रामा श्री शेषनारायणलाई हरि र श्री गोपालेश्वर महादेवलाई शंकरका रूपमा पूजा गरिन्छ । विशेष गरी नेवार समुदायले यो जात्रा धुमधामका साथ मनाउँछन् ।

जात्रा द्वापर युगदेखि नै प्रचलनमा रहेको श्री शेषनारायण मन्दिरका पुजारी उत्तम राजोपाध्यायले बताए । उनका अनुसार भगवान् श्रीकृष्णका नाति अनिरुद्धलाई वाणासुर दानवकी छोरी उषाले मन पराएपछि उनको हरण भयो । हरणमुक्त गराउन भगवान् श्रीहरि अनिरुद्धको तर्फबाट र भगवान् शंकर वाणासुरका परमभक्त रहेका तथा उनको रक्षा गर्ने वचन दिएका कारण हरि र शंकरबीच घनघोर युद्ध भयो । यो कुरा धरती माताले थाहा पाएर दुवैबीचको युद्ध रोक्न लगाई अनिरुद्ध र उषाको विवाह गराइदिइन् । यसरी २ भगवान्बीचको युद्ध रोकिएको र मिलन भएको खुसियालीमा यो जात्रा मनाउने जनविश्वास छ ।

जात्राको सुरुआत फर्पिङको मध्य भागमा रहेको झंकेश्वरीमा वर्षबन्ध पूजा गरी गरिन्छ । श्री गोपालेश्वर, शेषनारायण, दक्षिणकाली (कनकेश्वर), कुमारी (त्रिलोक्येश्वर), महालक्ष्मी (सिद्धिगणेश्वर), इन्द्रायणी (नन्दिकेश्वर) र नीलबाराही (अघोरेश्वर)का सातवटा रथ क्रमशः फर्पिङको कोटाटोल, ठटेपाटोल, टिपीटोल, कोछुटोल, कोठेटोल, यल्खुटोल र थल्खुटोलमा निर्माण गरिन्छ ।

यसै दिनदेखि स्थानीय बासिन्दाहरू बाजागाजासहित बत्ती बालेर रथको परिक्रमा गर्छन् । द्वापर युगमा फर्पिङको गोरखनाथ गुफामा ३६५ पटक काँ (नेवारी बाजा) बजाएपछि वाणासुरका ९०० सेना आएर यी रथ बोकेर हिँड्थे भन्ने किंवदन्ती रहेको संस्कृतिविद् प्रेम शर्मा बताउँछन् ।

जात्रा सुरु भएको नवौँ दिनलाई विशेष मानिन्छ । यस दिन बिहानै गोपालेश्वर महादेवको रथ राखिएको ठाउँमा होम गरी रथको स्थान परिवर्तन गरिन्छ । बेलुकी पशुपति मृगस्थलीबाट कानफट्टा योगीहरू आउँछन् । उनीहरूले मध्यरातमा जाँडरक्सीले भरिएको घ्याम्पोलाई नवदुर्गा भवानीको प्रतीक मानी भुजा, छरी, कुखुरा र राँगाको बलि दिई पूजा गर्छन् । यसलाई चतुर्पूजा भनिन्छ । यो जात्राको सबैभन्दा महत्वपूर्ण भाग हो । यसलाई मुख्य हरिशंकर जात्रा वा मूल जात्रा पनि भनिन्छ । त्यसैले यस बेला मानिसहरूको ठुलो घुइँचो लाग्छ ।

चतुर्पूजा सकिएपछि शेषनारायण, गोपालेश्वर, महालक्ष्मी र कुमारीका रथ बोकी स्थान परिवर्तन गराइन्छ । यस क्रममा शेषनारायणको रथले कोछुटोलमा रहेको ठुलो ढुंगा (यान्या ल्हा) लाई नाघेपछि त्यस दिनको जात्रा सम्पन्न हुन्छ । मृत्युपश्चात् यमराजले फर्पिङको हरिशंकर जात्रा वा भक्तपुरको बिस्केट जात्रा हेरेको छ कि छैन भनेर प्रश्न गर्छन् भन्ने विश्वास गरिन्छ । यसैले यस जात्रामा धेरैको सहभागिता रहने गरेको धारणा स्थानीय अमरवाणी उपाध्यायले व्यक्त गरे ।

मूल जात्रा सम्पन्न भएको भोलिपल्ट सिन्दुर जात्रा गरी खुसियाली मनाइन्छ । दिउँसो इन्द्रायणी, नीलबाराही, दक्षिणकाली, महालक्ष्मी, कुमारी र शेषनारायणका रथलाई फर्पिङ नगर परिक्रमा गराई क्रमशः कोटाटोलमा लगेर राखिन्छ । यस क्रममा शेषनारायणको रथलाई शिवलिंगमाथि राखिन्छ । यसलाई हरिशंकर जुराएको भनिन्छ ।

यसको भोलिपल्ट गोपालेश्वर महादेवको रथलाई फर्पिङ नगर परिक्रमा गराई कोटाटोलस्थित नित्यनाथ बस्तीमा राखी पूजा गरी नेवारी रोटी (योमरी) चढाई गोपालेश्वर मन्दिरमा पुऱ्याइन्छ । त्यसपछि रथमा रहेको मूर्तिलाई मन्दिरको शिवलिंगमाथि राखी थकुज्जु (मल्ल राजाका वंशज)ले ३६५ घडा जल चढाउँछन् । यसको भोलिपल्ट विधिपूर्वक सांगे यज्ञ गरेर जात्रा सम्पन्न गरिन्छ ।

जात्रा सञ्चालन गर्न गुठी संस्थान, स्थानीय प्रशासन र फर्पिङ नगरवासीको सहयोग हुने गरेको श्री हरिशंकर जात्रा मूल समारोह समितिका अध्यक्ष सुरेन्द्र मानन्धरले बताए ।

# भक्तपुरमा आगलागीले प्लास्टिक दाना कारखाना ध्वस्त, ४० लाखभन्दा बढी क्षति



■ सौर्य समाचार

भक्तपुर । सूर्यविनायक नगरपालिका-८ जगातीस्थित कँपलिचोकमा प्लास्टिक दाना उत्पादन गर्ने कारखानामा आगलागी हुँदा मेसिनसहित कच्चा पदार्थ जलेर नष्ट भएको छ । आगलागीबाट ४० लाख रुपैयाँभन्दा बढीको क्षति भएको प्रहरीले जनाएको छ ।

नवराज भट्टले सञ्चालन गर्दै आएको विके सप्लायर्समा सोमबार बिहान आगलागी भएको हो । कारखानामा लागेको आगो जुद्ध बारुणयन्त्र कार्यालय भक्तपुरको दमकल र स्थानीयवासीको सहयोगमा करिब २ घन्टापछि नियन्त्रणमा लिइएको थियो ।

जुद्ध बारुणयन्त्र कार्यालय भक्तपुरका प्रमुख विजय धौभडेलका अनुसार आगलागीबाट कारखानामा रहेका मेसिन तथा प्लास्टिकका कच्चा पदार्थ पूर्ण रूपमा जलेका छन् । आगो फैलिँदा कारखाना नजिकै रहेको दिनेश मचामसीको घरमा समेत क्षति पुगेको छ । आगलागीको कारण भने खुल्न सकेको छैन । प्रहरीले घटनास्थलमा मुचुल्का उठाउनुका साथै आगलागीको कारण र क्षतिको विवरण संकलन गरिरहेको जनाएको छ ।

यसैबीच, बाग्मती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले आगलागी भएको उद्योगको स्थलगत निरीक्षण गरेका छन् ।

# दसैँको किनमेलले उपत्यकाका बजार तताउन थाल्यो



■ सौर्य समाचार

काठमाडौँ । दसैँ नजिकिँदै जाँदा काठमाडौँ उपत्यकाका बजारमा किनमेल गर्नेको चाप बढ्न थालेको छ । भृकुटीमण्डप, असन, इन्द्रचोक, न्युरोड, सुन्धारालगायतका बजारमा नयाँ कपडा तथा घरायसी सामग्री खरिद गर्ने ग्राहकको भिड देखिन थालेको हो ।

विशेष गरी परिवारका सदस्य, आफन्त र बालबालिकाका लागि दसैँको नयाँ लुगा किन्न बजार पुग्नेको संख्या बढेको व्यापारीहरूले बताएका छन् । विगतका दिनको तुलनामा पछिल्ला केही दिनयता बजारमा ग्राहकको आवागमन उल्लेख्य बढेको उनीहरूको भनाइ छ । भृकुटीमण्डपस्थित खुला बजारका व्यापारी अशोक खतिवडाका अनुसार दसैँको मुख्य किनमेलको समय सुरु भएसँगै ग्राहकको चाप बढेको छ । बालबालिका, युवा तथा ज्येष्ठ नागरिकका लागि कपडा खरिद गर्ने ग्राहकको संख्या बढेको उनले बताए । 'दसैँ नजिकिँदै गएपछि कपडा किन्ने ग्राहक दिनप्रतिदिन बढिरहेका छन् । आज बिहानदेखि नै बजारमा पहिलेभन्दा बढी चहलपहल देखिएको छ,' खतिवडाले भने ।

नेपाली समाजमा दसैँमा नयाँ कपडा लगाउने परम्परा रहेकाले पनि यो समयमा कपडाको व्यापार बढ्ने अर्का व्यापारी श्यामप्रकाश अधिकारीले बताए । ग्राहकको संख्या बढेसँगै सामान देखाउने, रोजाइअनुसार कपडा छान्न सहयोग गर्ने र बिक्री व्यवस्थापन गर्न व्यापारीलाई भ्याइनभ्याइ हुन थालेको उनको भनाइ छ । 'अन्य दिनको तुलनामा आजदेखि ग्राहकको चाप बढेको छ । दसैँ नजिकिँदै जाँदा अझै ग्राहक बढ्ने अपेक्षा गरेका छौँ,' अधिकारीले भने । भृकुटीमण्डपमा कपडासँगै जुत्ता, चप्पल, बालबालिकाका सामग्री र दैनिक उपभोगका सामान खरिद गर्ने ग्राहक पनि बढेका छन् । एउटै स्थानमा विभिन्न प्रकारका सामान पाइने र आफ्नो बजेटअनुसार मूल्य तथा सामग्री छनोट गर्न सकिने भएकाले खुला बजार ग्राहकको रोजाइमा पर्ने गरेको व्यापारीहरूको भनाइ छ । विशेष गरी सीमित आम्दानी भएका परिवारका लागि खुला बजार र सडकपेटीका पसल तुलनात्मक रूपमा सस्तो हुने भएकाले दसैँको किनमेलमा यस्ता बजारमा ग्राहकको आकर्षण बढी देखिने गरेको छ । सपिङ मल तथा ठुला व्यापारिक केन्द्रको तुलनामा केही कम मूल्यमा लुगाकपडा तथा अन्य सामग्री पाइने भएकाले पनि खुला बजारमा भिड बढेको व्यापारी बताउँछन् ।

सुन्धारास्थित रात्रिकालीन सडकपेटीमा लुगाकपडा बिक्री गर्दै आएकी संगीता न्यौपानेले पनि दसैँ नजिकिएसँगै ग्राहकको आवागमन बढेको बताइन् । परिवारका सबै सदस्यका लागि कपडा खरिद गर्नुपर्ने भएकाले ग्राहकले मूल्यसँगै गुणस्तर र टिकाउपनलाई समेत ध्यान दिने गरेको उनले बताइन् । 'सपिङ मलभन्दा सडकपेटीका पसल र खुला बजारमा लुगाकपडासहितका सरसामान केही सस्तो पाइन्छ । त्यसैले ग्राहकको आकर्षण पनि यतैतिर बढी देखिन्छ,' न्यौपानेले भनिन् ।

दसैँसँगै मौसममा परिवर्तन आउन थालेकाले न्यानो कपडाको मागसमेत बढ्न थालेको छ । ज्याकेट, स्विटर, ट्र्याकसुट, हुडी तथा अन्य न्यानो कपडा खरिद गर्ने ग्राहक बजारमा देखिन थालेको व्यापारी हरिकृष्ण कँडेलले बताए । दसैँलाई लक्षित गर्दै व्यापारीहरूले विभिन्न प्रकारका सामानको मौज्दात बढाएका छन् । बालबालिका, महिला तथा पुरुषका लागि फरक-फरक डिजाइन, रङ र मूल्यका कपडा बजारमा राखिएको उनीहरू बताउँछन् ।

दसैँको मुख्य किनमेलका दिन अझै बाँकी रहेकाले आगामी दिनमा बजारमा ग्राहकको चाप थप बढ्ने व्यवसायीको अपेक्षा छ । चाडपर्वको किनमेल बढेसँगै लामो समयदेखि सुस्त रहेको व्यापार व्यवसायमा समेत सकारात्मक प्रभाव पर्ने उनीहरूको विश्वास छ । काठमाडौँ उपत्यकाका मुख्य बजारमा देखिन थालेको भिडले यस वर्षको दसैँको किनमेल क्रमशः गति लिन थालेको संकेत गरेको छ ।

# बेकरीमा स्वच्छता कायम गर्न महानगरको कडाइ

## ■ २०७ व्यवसायीलाई खाद्य स्वच्छता र गुणस्तरीयताको तालिम

■ सौर्य समाचार

काठमाडौँ । काठमाडौँ महानगरपालिकाले बेकरी उत्पादन तथा बिक्री वितरणमा आबद्ध २०७ जनालाई स्वच्छता र गुणस्तरीयताका विषयमा तालिम प्रदान गरेको छ । महानगरले बेकरी व्यवसायमा आबद्ध व्यवसायीलाई बोलाएर खाद्य स्वच्छता कायम गराउन तालिम दिएको हो ।

'बेकरीजन्य खाद्य बस्तु सहरी उपभोक्ताको जीवनशैलीसँग अभिन्न बन्दै गएको छ । जन्मदिन, विवाह, व्रतबन्ध, पास्नीदेखि विभिन्न उत्सवसम्म केक काट्ने चलन बढ्दै जाँदा बेकरीजन्य खाद्य पदार्थ नेपालीको दैनिक खानपानको हिस्सा बन्दै गएको छ । बिहान-बेलुका चियासँग खाने बिस्कुट, कुकिजदेखि पेस्ट्री, डोनट, पफ, स्यान्डविच र केकसम्मका परिकारको उत्पादन तथा उपभोग बढिरहेका बेला बेकरी व्यवसायमा आबद्ध व्यवसायीलाई बोलाएर खाद्य स्वच्छता कायम गराउन तालिम दिइएको हो,' महानगरले आफ्नो वेबसाइटमा उल्लेख गरेको छ ।

गुणस्तरीय खाद्य बस्तुको उत्पादनमा कच्चा पदार्थको छनोटदेखि उत्पादन, प्रशोधन, तापक्रम नियन्त्रण, भण्डारण, प्याकेजिङ, ढुवानी र बिक्रीसम्मका प्रत्येक चरण सावधानी आवश्यक रहेको काठमाडौँ महानगरकी फुड टेक्नोलोजिस्ट भारती अधिकारी बताउँछिन् । सामान्य कमजोरीले पनि खाद्य पदार्थको गुणस्तर बिग्रिने उनको भनाइ छ ।

'बेकरी उत्पादनहरूमा मुख्यतयाः गहुँको पिठो (ग्लुटेन), दुग्धजन्य पदार्थ (दुध, मक्खन), अन्डा, बदाम, काजु र भटमासजस्ता एलर्जेनहरू प्रयोग हुन्छन् । कानुनी र स्वच्छ व्यावसायिक दृष्टिले यी एलर्जेनबारे उपभोक्तालाई स्पष्ट जानकारी दिनु, सही लेबलिङ गर्नु र उत्पादनका क्रममा एकअर्कामा मिसावट हुन नदिनु व्यवसायीले पालना गर्नुपर्ने दायित्व हुन्,' फुड टेक्नोलोजिस्ट अधिकारीले भनिन्, 'बेकरी उत्पादनमा ओस र तातो वातावरणका कारण सजिलै ढुसी आउन सक्छ । जसले पाउरोटी तथा केकलाई चाँडै बिगार्छ । यसबाट खाद्य वस्तुको स्वाद र गुणस्तर बिग्रिन्छ । यसरी उत्पन्न हुने विषाक्त पदार्थले उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पुऱ्याउँछ । तसर्थ, बेकरी वस्तुहरूलाई सधैँ ओभानो, सफा र हावा आउजाउ हुने ठाउँमा भण्डारण गर्नुपर्छ ।'

उनका अनुसार तालिममा यी सैद्धान्तिक कुरासँगै व्यक्तिगत सरसफाइ, उपकरण र कार्यस्थलको स्वच्छता, पानीको गुणस्तर, कीट नियन्त्रण, एलर्जेन व्यवस्थापन तथा क्रस-कन्टामिनेसन रोकथामका व्यावहारिक विषय समावेश रहेको प्रशिक्षक एवं खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग वरिष्ठ खाद्य अनुसन्धान अधिकृत प्रक्षा न्यौपानेले जानकारी दिइन् ।

'व्यवसायमा दैनिक देखिने जोखिम पहिचान गर्नु, जोखिम नियन्त्रण गर्नु र सुधारका व्यावहारिक उपाय थाहा पाउनु जरुरी छ । तालिमले व्यवसायीलाई यी सूचना प्रदान गरेको छ,' उनले भनिन्, 'बेकरी व्यवसायमा खाद्य स्वच्छता अनुपालन तथा व्यापारिक जिम्मेवारीका विषयलाई जोड दिइएको छ ।'

बेकरी उत्पादनमा उपभोक्तालाई सही सूचना उपलब्ध गराउने विषयलाई आफूहरूले बढी जोड दिएको प्रशिक्षक नवीन कर्माचार्यले बताए । 'उत्पादनको नाम, प्रयोग गरिएका सामग्री, उत्पादन मिति, उपभोग गर्नुपर्ने अन्तिम वा बेस्ट बिफोर मिति, ब्याच नम्बर, उत्पादकको नाम तथा ठेगाना र भण्डारण विधिजस्ता विवरण स्पष्ट रूपमा उल्लेख गर्नु व्यावसायिक दायित्व हो । यसप्रति उत्पादकलाई जिम्मेवार बनाउने प्रयास गरिएको छ । उत्पादनमा यसरी राखिने विवरणले उपभोक्तालाई आफूले खरिद गर्ने खाद्य पदार्थबारे निर्णय गर्न सहज बनाउनेछ ।'

तालिममा खाद्य रङ, स्वाद तथा प्रिजरभेटिभ विषय राखिएका थिए । यस्तै अनुमति प्राप्त पदार्थ तोकिएको मात्रामा मात्र प्रयोग गर्ने, प्रतिबन्धित रासायनिक पदार्थ प्रयोग नगर्ने तथा बेकरी उत्पादनमा ट्रान्सफ्याटको मात्रा घटाउने विषयलाई पनि जोड दिइएको थियो । बेकरी उत्पादन गर्दा हाइड्रोजेनेटेड वनस्पति घिउको प्रयोग सकेसम्म न्यूनीकरण गर्नुपर्नेमा प्रशिक्षकहरूको जोड थियो । 'बेकरी उत्पादनको प्याकेजिङमा खाद्य-ग्रेडको सुरक्षित बेरिङ पेपर तथा सामग्री प्रयोग, धुलो, ब्याक्टेरिया तथा अन्य बाह्य प्रदुषणबाट जोगाउन प्रयोग गरिने कागज तथा प्याकेजिङ सामग्री पनि खाद्य स्वच्छताको अंग भएकोले व्यवसायीले यसलाई व्यवसायिक दायित्वका रूपमा लिनुपर्छ,' प्रशिक्षक कर्माचार्य थप्छन् ।

काठमाडौँ महानगरले खाद्य स्वच्छतालाई केवल अनुगमन र कारबाहीको विषय नबनाई व्यवसायीको क्षमता अभिवृद्धिसँग जोडेर कार्यक्रम सञ्चालन गरिरहेको छ । यसअघि तन्दुरी तथा मध्यम भोजनालय, मिठाइ पसल, मासु व्यवसाय, होटल तथा रेस्टुरेन्ट व्यवसाय, विद्यालयका चमेना गृह, अस्पतालका भोजनालय तथा चमेना गृह, क्याटरिङ तथा ब्यांक्वेट, मौलिक तथा रैथाने खाना, दुध तथा दुग्धजन्य पदार्थ र मःम व्यवसायलगायत उपभोक्ताले अत्यधिक प्रयोग गर्ने खाद्य परिकारको स्वच्छताका लागि व्यवसायीलाई तालिम दिइएको महानगरले जनाएको छ । यसरी तालिम प्राप्त गर्ने व्यवसायीको संख्या ३ हजारभन्दा बढी छ ।


## द गोर्खा भिलेज रिसोर्ट लिमिटेड

**पोखरा म.न.पा. १४, कास्की**

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**(दोश्रो पटक प्रकाशित मिति : २०८३।०६।२०)**

***शेयरधनी महानुभावहरू,***

मिति २०८३/०६/०४ गते आईतबार बिहान ९:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम आ.व.२०७९/०८०, आ.व.२०८०/०८१, आ.व.२०८१/०८२, को वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति,स्थान र समय**

**मिति** : २०८३/०६/२६ गते, सोमबार अर्थात अक्टोबर १२, २०२६ ।
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालयल
**समय** : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व.२०७९/०८०, आ.व.२०८०/०८१, आ.व.२०८१/०८२, को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. आ.व.२०७९/०८०,आ.व.२०८०/०८१, आ.व.२०८१/०८२, को लेखापरीक्षण प्रतिवेदन र कम्पनीको वार्षिक आर्थिक विवरणहरु वासलात, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८२/०८३ को लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्त गरी निजको पारीश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. विविध ।

**सञ्चालक समितिको निर्णयानुसार,**
**कम्पनी सचिव**



## Devchuli Municipality

### Office of The Municipal Executive

Pragatinagar, Nawalparasi (East)

### Invitation for Hard Copy Sealed Bids

**Second Date Of Publication: 2083/06/20 (2026-10-06)**

Devchuli Municipality Invites Open Competitive Bidding Form Eligible bidders for the Goods given in table below under competitive Bidding procedures.

| S. N. | Contract Identification no. | Description of works | Bid Security Amount (Nrs.) | Bid Document Purchase Amount (Nrs.) |
|---|---|---|---|---|
| 1 | 01/DEV/SQ/GOODS/ 2083/084 (2nd time). | Procurement And Supply of General Items For Medicine And Related Assoceries Items At Devchuli Nagar Hospital Nawalparasi (East) F/Y 2083/084 (2nd time) | 1,20,000.00 (75 Days After Submmission) | 1,000.00 |
| 2 | 02/DEV/SQ/GOODS/ 2083/084 (2nd time). | Procurement And Supply of NCD For Medicine And Related Assoceries Items at Devchuli Nagar Hospital Nawalparasi (East) F/Y 2083/084 (2nd time). | 1,20,000.00 (75 Days After Submmission) | 1,000.00 |

| | |
|---|---|
| Last Date Bid Documents Purchase Deadline for Bid Submission Date Time And Location, Opening Date Time And Location | 2083/06/26 (12th Oct 2026) Till 5:00 PM<br>2083/ 06/27 (13th Oct 2026) till 12:00 Noon,<br>2083/06/27 (13th Oct 2026) on 13:00 PM, at Office Premises. |
| Account Details for Bid Document & Bid Security Deposit. | Name of the bank: NIC ASIA BANK,<br>Office: Devchuli municipality, Daldale, Nawalparasi (East)<br>Office Account Number: 0772050029165002<br>Account Name:- GA 1.1 – ANTARIK RAJASHWA KHATA - DEVCHULI NAGARPALIKA.<br>Office: Devchuli Municipality, Daldale, Nawalparasi (East)<br>Account Name:-GA 3 – DHARAUTI KHATA - DEVCHULI NAGARPALIKA.<br>**Office Account Number:** 0772050029165007.<br>Bid Validate Period 45 Days Last Date Of SUbmmision.30 days Beyond The Bid Submission. (i.e. 75 days.) |

1. Under the sealed Quotation, bidders shall submit the mandatory documents and the Price Bid together in one sealed envelope, as per ITB 14,15 of the Bidding Document.
2. A complete Bidding Documents May Purchased From Devchuli Municipality, Pargatinagar Nawalparasi (East) By Eligible Bidders On the Submmission Of A wrriten Application,Alone With The Copy Of Firm Resistration certificate,and upon payment of a non-refundable fee into the account specified above, till 2083/06/26 office hour.
3. Sealed bids (Hard Copy only) must be submitted by hand/courier on or before 12:00 Hrs on 2083/06/27. Bids received after this deadline will be rejected.
4. If the last date of purchase and/or submission falls on a government holiday, the next working day shall be considered the last date, and the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
5. Any conditions not covered herein shall be governed by the prevailing provisions of the Public Procurement Act, 2063 (with Second Amendment) and the Public Procurement Regulations, 2064 (with Sixteenth Amendment). Any amendment or modification to this Tender Notice shall be published on the official website of this Municipality.
6. Further information: Email: devchulimunicipality@gmail.com Contact No.: 9857642111, 9846114915.

**Chief Administrative Officer**

## हेटौँडामा विधि विज्ञान प्रयोगशाला
# काठमाडौँको ४० प्रतिशत भार घट्ने

■ प्रमोद सहनी



मकवानपुर । अपराध अनुसन्धानमा संकलित प्रमाण अब काठमाडौँको प्रयोगशालाको भरमा रहनेछैन । नेपाल प्रहरीले हेटौँडामा विधि विज्ञान प्रयोगशाला सञ्चालनमा ल्याएसँगै बाग्मती प्रदेश र आसपासका जिल्लाबाट बरामद हुने लागुऔषधसहित नमुनाको वैज्ञानिक परीक्षण प्रदेशमै हुने भएको छ । करिब १२ करोड रुपैयाँ लागतमा तयार गरिएको प्रयोगशालाले लागुऔषध परीक्षणतर्फ काठमाडौँस्थितकेन्द्रीयप्रयोगशालाको करिब ४० प्रतिशतसम्म चाप घटाउने अपेक्षा गरिएको छ ।

बाग्मती प्रदेश प्रहरी कार्यालय हेटौँडामा सोमबार आयोजित पत्रकार सम्मेलनमा प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक दीपक रेग्मीले हेटौँडा प्रयोगशालाले मात्रै लागुऔषध परीक्षणतर्फ केन्द्रीय प्रयोगशालाको करिब ४० प्रतिशतसम्म कार्यभार घटाउन सक्ने बताए ।

हेटौँडा प्रयोगशालामा बाग्मती प्रदेशका मकवानपुर, चितवन, सिन्धुली, रामेछापलगायत जिल्लाबाट बरामद हुने लागुऔषधका नमुना परीक्षण गरिनेछ । चितवनको पूर्वी कुरिनटार क्षेत्रदेखि मकवानपुर, सिन्धुली हुँदै रामेछापसम्मका प्रहरी कार्यालयबाट बरामद भएका लागुऔषध परीक्षणका लागि हेटौँडा पठाउन थालिएको रेग्मीले जानकारी दिए ।

मधेस प्रदेशका पूर्वी क्षेत्रका केही जिल्ला बाहेक अन्य केही जिल्लाबाट समेत लागुऔषध परीक्षणका लागि नमुना हेटौँडा आउन थालेको प्रहरीको भनाइ छ । प्रयोगशालाले लागुऔषध परीक्षणका लागि 'तीन-दस' आन्तरिक कार्यविधि लागू गरेको छ । कार्यविधिअनुसार लागुऔषध बरामद गर्ने प्रहरी कार्यालयले ३ दिनभित्र नमुना प्रयोगशालामा पठाउनुपर्नेछ भने प्रयोगशालाले नमुना प्राप्त भएको १० दिनभित्र परीक्षण प्रतिवेदन उपलब्ध गराउनुपर्नेछ ।

प्रहरीका अनुसार यसले सामान्य प्रकृतिका लागुऔषध मुद्दामा परीक्षण प्रतिवेदनका लागि लामो समय पर्खनुपर्ने अवस्थालाई घटाउनेछ । तर, ठुलो परिमाणमा लागुऔषध बरामद भएको वा संगठित कारोबारसँग जोडिएका जटिल घटनामा कानुनअनुसार अनुसन्धानका लागि म्याद थप गर्न सकिने भएकाले परीक्षणका कारण मात्रै अनुसन्धान प्रभावित नहुने रेग्मीले बताए । 'तीन-दस' व्यवस्था कानुनी बाध्यता नभई प्रयोगशालाको सेवा प्रवाहलाई छिटो र व्यवस्थित बनाउन नेपाल प्रहरीले बनाएको आन्तरिक कार्यविधि हो ।

हेटौँडा विधि विज्ञान प्रयोगशालामा लागुऔषध परीक्षणसँगै बायोलोजी तथा सेरोलोजीसम्बन्धी परीक्षणसमेत सुरु गरिएको छ । अपराध अनुसन्धानका क्रममा संकलन हुने जैविक नमुनालगायत प्रमाणको वैज्ञानिक परीक्षण स्थानीयस्तरमै गर्न सकिने भएपछि अनुसन्धानलाई थप प्रमाणमुखी बनाउन सहयोग पुग्ने प्रहरीको विश्वास छ ।

प्रयोगशालाका लागि आवश्यक केही मेसिन तथा उपकरण नेपाल प्रहरी प्रधान कार्यालयले उपलब्ध गराएको छ । थप पूर्वाधार तथा उपकरण व्यवस्थापनका लागि ९० लाख रुपैयाँभन्दा बढी बजेट उपलब्ध भएको रेग्मीले जानकारी दिए । यसअघि पोखराका लागि टेन्डर भएका केही सामग्रीसमेत हेटौँडा ल्याएर प्रयोगशालाको पूर्वाधार विकासमा प्रयोग गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

काठमाडौँस्थित केन्द्रीय प्रयोगशालामा नमुना पठाएर परीक्षण प्रतिवेदन कुर्नुपर्ने अवस्थाका कारण अनुसन्धानमा लाग्ने समय घटाउनु हेटौँडा प्रयोगशालाको मुख्य उद्देश्य हो । स्थानीयस्तरमै प्रमाण परीक्षणको सुविधा उपलब्ध भएपछि प्रहरी अनुसन्धानमा वैज्ञानिक प्रमाणको प्रयोग बढ्ने र अनुसन्धानको गति तथा प्रभावकारिता सुधार हुने अपेक्षा गरिएको छ ।

## नियुक्तिदेखि उम्मेदवार छनोटसम्म
# कांग्रेसको 'आचारसंहिता' प्रस्ताव




■ सौर्य समाचार

काठमाडौँ । सार्वजनिक पदमा नियुक्ति, भ्रष्टाचारमाथिको छानबिनदेखि पार्टीभित्र उम्मेदवार छनोटसम्म हुने विकृति रोक्ने उद्देश्यसहित नेपाली कांग्रेसले १५औँ महाधिवेशनमा 'के गर्ने, के नगर्ने' प्रस्ताव अघि सारेको छ ।

पार्टीले सार्वजनिक जिम्मेवारीमा योग्यता, क्षमता र इमानदारीलाई प्राथमिकता दिने तथा दलगत निकटता, पारिवारिक सम्बन्ध र राजनीतिक दबाबका आधारमा नियुक्ति नगर्ने नीति प्रस्ताव गरेको हो । समावेशितालाई समेत ध्यान दिँदै सार्वजनिक नियुक्ति पारदर्शी र योग्यतामा आधारित बनाउने कांग्रेसको प्रस्ताव छ ।

संवैधानिक नियुक्तिका हकमा भने कांग्रेसले २ वर्षको 'कुलिङ अफ' अवधि लागू गर्ने प्रस्ताव गरेको छ । सार्वजनिक पदबाट बाहिरिएलगत्तै स्वार्थ जोडिन सक्ने नियुक्ति तथा निर्णयलाई निरुत्साहित गर्न यस्तो व्यवस्था अघि सारिएको हो ।

कांग्रेसले सार्वजनिक सम्पत्ति, बजेट र अधिकारको प्रयोग नागरिक हितमा गर्ने प्रतिबद्धता पनि जनाएको छ । सार्वजनिक स्रोतको उपयोगमा नागरिक निगरानी बढाउने, स्वार्थको द्वन्द्व रोक्ने तथा बिचौलियाको प्रभाव र नीतिगत भ्रष्टाचार नियन्त्रण गर्ने प्रस्तावमा उल्लेख छ ।

भ्रष्टाचारका आरोपमा पार्टीगत संरक्षण नदिने विषयलाई कांग्रेसले प्रस्तावमा विशेष रूपमा जोडेको छ । भ्रष्टाचारसम्बन्धी आरोपमा निष्पक्ष अनुसन्धान र न्यायिक परीक्षणलाई स्वतन्त्र रूपमा अघि बढ्न दिने तथा आफ्ना नेता-कार्यकर्तामाथि पनि समान नियम लागू गर्ने उसको प्रतिबद्धता छ । आरोपितलाई राजनीतिक संरक्षण दिने वा अनुसन्धान प्रक्रियामा हस्तक्षेप नगर्ने प्रस्तावमा स्पष्ट गरिएको छ ।

पार्टीले महिला, युवा तथा वञ्चितीकरणमा परेका समुदायको सहभागिता संख्यात्मक प्रतिनिधित्वमा मात्र सीमित नराखी नीति निर्माण र नेतृत्वमा वास्तविक प्रभाव सुनिश्चित गर्ने जनाएको छ । समावेशितालाई औपचारिकता वा देखावटी प्रतिनिधित्वमा सीमित नगर्ने उसको प्रस्ताव छ ।

त्यस्तै, पार्टी सदस्यलाई केवल निर्देशन पालना गर्ने र निर्वाचनमा परिचालन हुने भूमिकामा सीमित नगरी नीति निर्माण, नेतृत्व चयन तथा उम्मेदवार छनोटमा अर्थपूर्ण सहभागिता गराउने कांग्रेसको योजना छ ।

उम्मेदवार तथा पार्टीको जिम्मेवारी छनोटमा प्राइमरी प्रणाली, योग्यता, सामुदायिक योगदान र नैतिक आचरणलाई आधार बनाउने प्रस्ताव गरिएको छ । पैसा, पहुँच वा नेतृत्वसँगको व्यक्तिगत निकटतालाई राजनीतिक योगदानको विकल्प नबनाउने कांग्रेसले स्पष्ट पारेको छ ।

दल, गुट वा व्यक्तिको स्वार्थका लागि सार्वजनिक स्रोतको दुरुपयोग हुन नदिने विषय पनि प्रस्तावमा समेटिएको छ । नीतिगत निर्णयको आवरणमा कसैलाई अनुचित लाभ दिने वा छानबिनबाट उन्मुक्ति दिलाउने काम नगर्ने प्रतिबद्धता जनाउँदै कांग्रेसले सार्वजनिक पद र स्रोतको प्रयोगमा जवाफदेहिता बढाउने नीति अघि सारेको हो ।

# भोटेकोसी बाढीको 'स्रोत' खोज्दै नेपाल-चीनका ५० वैज्ञानिक



■ सौर्य समाचार

काठमाडौँ । भोटेकोसीमा आएको विनाशकारी बाढीको वास्तविक स्रोत र त्यसले विनाशकारी रूप लिनुको क्रम पत्ता लगाउन नेपाल र चीनका वैज्ञानिकले करिब ३ साता स्थलगत अध्ययन गर्ने भएका छन् । यसका लागि चिनियाँ वैज्ञानिकको टोली नेपाल आइपुगेको छ ।

चीन युनिभर्सिटी अफ जियोसाइन्सेस (बेइजिङ)को नेतृत्व तथा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट)को सहकार्यमा सञ्चालन हुने संयुक्त अध्ययनमा नेपाल र चीनका १० भन्दा बढी विश्वविद्यालय तथा अनुसन्धान संस्थाका ५० भन्दा बढी वैज्ञानिक सहभागी हुनेछन् ।

वैज्ञानिक टोलीले करिब २० दिनसम्म नेपालको विपद् सुरु भएको स्रोत क्षेत्रदेखि चीनको प्रभावित भूभाग र हिमालयबाट बग्ने नदी प्रणालीका तल्लो तटीय क्षेत्रसम्म स्थलगत अध्ययन गर्नेछ । यस क्रममा बाढी सुरु हुनुअघि भएको हिमचट्टान खस्ने घटना, त्यसपछि विकसित मलबे बहाव, मलबे बाढी हुँदै विनाशकारी बाढीमा परिणत भएको प्रक्रियाको वैज्ञानिक पुनर्निर्माण गरिनेछ ।

गत १० भदौमा नेपालको उत्तरी क्षेत्रमा हिमनदी भत्किएपछि हिमपहिरो तथा माटो-ढुंगाको ठुलो बहाव सुरु भएको थियो । त्यसको प्रभाव नेपाल हुँदै सीमापार चीनको दक्षिणपश्चिमी सिजाङ स्वायत्त क्षेत्रसम्म पुगेको थियो । बाढी र पहिरोले चीनको ग्यिरोङ बन्दरगाहसहित नेपालतर्फ १०० किलोमिटरभन्दा बढी क्षेत्रमा क्षति पुऱ्याएको थियो ।

अध्ययनका क्रममा वैज्ञानिकहरूले ड्रोन र हेलिकोप्टरको प्रयोगसँगै भूगर्भीय नक्सांकन, माटो तथा ढुंगाका नमुना संकलन र नदी प्रणालीको अवस्थाको विश्लेषण गर्नेछन् । बाढीको बाटोमा भएको भूक्षय, ढुंगा-माटोको बहाव र सञ्चय तथा त्यसले नदीको स्वरूपमा पारेको परिवर्तनसमेत अध्ययनको दायरामा राखिएको छ ।

चिनियाँ वैज्ञानिक टोली आइतबार सिचुआन प्रान्तको छेन्दुबाट नेपालका लागि प्रस्थान गरी काठमाडौँ आइपुगेको हो । संयुक्त टोलीले नेपालको स्रोत क्षेत्रमा स्थलगत अध्ययन सकेपछि सीमापार प्रभावित क्षेत्रमा समेत अध्ययन गर्नेछ ।

वैज्ञानिकहरूका अनुसार भोटेकोसीको विपद् एक देशको भूभागमा मात्र सीमित नरहेकाले यसको पूर्ण शृंखला बुझ्न नेपाल र चीन दुवैतर्फको अध्ययन आवश्यक छ । स्रोत क्षेत्रमा भएको प्रारम्भिक घटना कसरी क्रमशः ठुलो मलबे बहाव र बाढीमा परिणत भयो तथा त्यसले सीमापारसम्म कसरी विनाश निम्त्यायो भन्ने तथ्य अध्ययनबाट स्पष्ट हुने अपेक्षा गरिएको छ ।

अध्ययनबाट प्राप्त निष्कर्षले भोटेकोसी बाढीको वैज्ञानिक पुनर्निर्माणमा मात्रै नभई चीनको ग्यिरोङ बन्दरगाहको पुनर्स्थापना तथा पुनर्निर्माणका लागि आवश्यक वैज्ञानिक आधार तयार गर्नसमेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । हिमालय क्षेत्रमा जलवायु परिवर्तनसँगै बढिरहेको हिमनदीजन्य तथा अन्य विपद्को जोखिम पहिचान र व्यवस्थापनका लागि पनि यो अध्ययन महत्वपूर्ण हुने वैज्ञानिकहरूको भनाइ छ ।

# सडक अवरुद्ध भएपछि सुनसान कागबेनी, रोकियो पितृ तर्पण

■ सौर्य समाचार

मुस्ताङ । प्रसिद्ध धार्मिक तीर्थस्थल कागबेनीधाममा यस वर्ष सोह्रश्राद्धको चहलपहल देखिएन । अनुकूल धार्मिक तथा पर्यटकीय मौसममै बेनी-जोमसोम सडक बाढीपहिरोका कारण अवरुद्ध भएपछि पितृको नाममा श्राद्ध गर्न आउने तीर्थालुको आवागमन ठप्प हुँदा कागबेनी सुनसान बनेको हो ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ स्थित कागबेनीधाममा सोह्रश्राद्ध सुरु भएको आठौँ दिनसम्म जम्मा डेढ दर्जनजति व्यक्तिले मात्र श्राद्ध गरेका छन् । सामान्य अवस्थामा यही अवधिमा दैनिक सयौँ तीर्थालु पुग्ने गरे पनि यस पटक दैनिक २-३ जनाले मात्रै श्राद्ध गरिरहेको कागबेनी धर्मशालाका पुजारी गौतम कोइरालाले बताए ।

'असोज ८ गतेदेखि सडक अवरुद्ध भएपछि बाहिरबाट आउने तीर्थालुको संख्या लगभग शून्य छ,' उनले भने, 'विगतमा सोह्रश्राद्धका बेला कागबेनीमा निकै ठुलो भिड लाग्थ्यो, यस पटक भने पुजारीसमेत कामविहीन भएका छन् ।'

अखण्ड ज्योति बाबा स्वामी श्रीजी च्यारिटेबल ट्रस्टद्वारा सञ्चालित पितृ तीर्थस्थल कागबेनी धर्मशालामा विगतका वर्षमा श्राद्ध गराउन सयभन्दा बढी पुजारी आउने गरेका थिए । यस वर्ष भने जिल्ला बाहिरबाट आएका १ दर्जनभन्दा बढी पुजारी श्राद्धको अवसर नपाई फर्किसकेका छन् । धर्मशालामा कार्यरत ८ पुजारीमध्ये ३ जना पनि घर फर्किएको कोइरालाले जानकारी दिए ।

कागबेनीमा सोह्रश्राद्धको अन्तिम दिन औँसीमा सबैभन्दा बढी भिड लाग्ने गरेको छ । अघिल्लो र पछिल्लो दिनसमेत तीर्थालुले कागबेनीदेखि मुक्तिनाथसम्मका होटल भरिभराउ हुने गरेका थिए । तर, यस पटक सडक अवरुद्ध भएकाले तीर्थस्थलदेखि होटल व्यवसायसम्म त्यसको प्रत्यक्ष असर परेको छ ।

कागबेनीमा पितृको नाममा पिण्डदान, तर्पण तथा श्राद्ध गरेमा दिवंगत पितृको उद्धार हुने धार्मिक विश्वास छ । कालीगण्डकी नदीको तटमा गरिने यस्तो धार्मिक अनुष्ठानका लागि देशका विभिन्न भागबाट हरेक वर्ष ठुलो संख्यामा श्रद्धालु पुग्ने गर्छन् । कागबेनीमा श्राद्ध गरेपछि मुक्तिनाथ दर्शन गर्ने परम्परासमेत रहेकाले यहाँको धार्मिक गतिविधिले समग्र मुस्ताङको पर्यटन व्यवसायलाई चलायमान बनाउँदै आएको छ ।



### पर्यटन व्यवसायमा दोहोरो मार

धार्मिक पर्यटकको आवागमन घटेसँगै कागबेनीसहित मुस्ताङको पर्यटन व्यवसाय पनि प्रभावित भएको छ । असोज ८ देखि ११ गतेसम्मको भारी वर्षापछि बाढी, पहिरो र नदी कटानका कारण बेनी-जोमसोम सडकमा क्षति पुगेपछि पर्यटक तथा तिर्थालुको आवागमन प्रभावित भएको हो ।

कागबेनीस्थित होटल याक डोनाल्डकी सञ्चालिका तथा पर्यटन व्यवसायी लक्ष्मी गुरुङले पर्यटकीय याममै सडक अवरुद्ध हुँदा व्यवसायीले ठुलो नोक्सानी बेहोर्नुपरेको बताए । 'यो पर्यटकका लागि अनुकूल समय हो, यही बेला सडक अवरुद्ध हुनु हाम्रो लागि दुर्भाग्य हो,' उनले भने, 'मुस्ताङको मौसमी व्यापारले वर्षभरि धान्नुपर्ने अवस्था छ । सडक अवरुद्ध भएपछि मुस्ताङ आउने तयारी गरेका पर्यटकले होटल बुकिङ धमाधम रद्द गरिरहेका छन् ।'

सडकसँगै विद्युत्, इन्टरनेट र बैंकिङ सेवा प्रभावित हुँदा मुस्ताङमा रहेका पर्यटकदेखि स्थानीय व्यवसायी र किसानसम्म समस्यामा परेको उनको भनाइ छ । स्याउ बिक्री गर्न नसक्दा किसान प्रभावित भएको, बैंकिङ सेवा अवरुद्ध हुँदा होटलमा बसेका पर्यटकलाई भुक्तानी गर्न समस्या भएको तथा इन्धन अभाव देखिन थालेको उनले बताए । 'स्याउ किसान स्याउ बिक्री गर्न नपाएर समस्यामा छन् । अलपत्र पर्यटक बैंकिङ सेवा बन्द हुँदा होटलमा बसेर खाएको पैसा तिर्न नसक्ने अवस्थामा पुगे,' गुरुङले भने, 'इन्धनको समस्या छ, विकास निर्माणका कामसमेत ठप्प छन् ।'

मुस्ताङमा सोह्रश्राद्धदेखि दसैँको नवरात्रसम्म धार्मिक तथा पर्यटकीय गतिविधि उच्च हुने गरेको छ । यही समयमा सडक अवरुद्ध भएपछि कागबेनी र मुक्तिनाथ मात्रै नभई होटल, यातायात, कृषि, उद्योग तथा अन्य स्थानीय व्यवसायसमेत प्रभावित भएका छन् ।

कागबेनी कालीगण्डकी र मुक्तिनाथबाट आउने गण्डकी नदीको संगमस्थलसमेत हो । धार्मिक मान्यताअनुसार काग भुसुन्डे ऋषिले तिलिचो तालमा तपस्या गरी कागबेनीमा स्नान गरेकाले यहाँको कालीगण्डकी तटलाई पवित्र तीर्थस्थल मानिन्छ । यही धार्मिक विश्वासका कारण हरेक वर्ष सोह्रश्राद्धमा हजारौँ श्रद्धालु कागबेनी पुग्ने गरेका छन् ।

# सडक खन्ने क्रममा खस्यो ढिस्को, २ मजदुरको मृत्यु

■ सौर्य समाचार

बागलुङ । बागलुङको निसीखोला गाउँपालिका-३ बोहरागाउँमा सडक निर्माणका क्रममा माटोको ढिस्को खस्दा २ मजदुरको मृत्यु भएको छ भने १ जना गम्भीर घाइते भएका छन् ।

काप्रा-बोहरागाउँ-छापाखानी-प्युठान सडकखण्ड स्तरोन्नतिको काम भइरहेका बेला सोमबार बिहान करिब ७:३० बजे अचानक माथिबाट माटोको ढिस्को खसेर ३ मजदुर पुरिएका थिए । जिल्ला प्रहरी कार्यालय बागलुङका प्रमुख प्रहरी उपरीक्षक फडिन्द्र प्रसाईंका अनुसार दुर्घटनामा सल्यानका २८ वर्षीय लालबहादुर बुढाथोकी र उदयपुर, गाईघाटका ३२ वर्षीय राजु थापाको मृत्यु भएको हो ।

उद्धारका क्रममा दुवै जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । रोल्पाका कृष्ण घर्ती मगरलाई भने गम्भीर घाइते अवस्थामा उद्धार गरिएको छ । उनको प्रादेशिक अस्पताल बुर्तिबाङमा उपचार भइरहेको निसीखोला गाउँपालिका-३ का वडाध्यक्ष रमेशविक्रम शाहीले जानकारी दिए ।

लु१क ३४४६ नम्बरको जेसिबीले सडक स्तरोन्नतिको काम गरिरहेका बेला अचानक माटोको ढिस्को खसेपछि मजदुरहरू पुरिएका थिए ।

# बाढीले विद्यालय मात्रै भत्काएन, ४५ विद्यार्थीको अवस्था पनि अनिश्चित

■ सौर्य समाचार

रसुवा । भोटेकोसीमा गत भदौ १० गते आएको विनाशकारी बाढीले रसुवाको शैक्षिक संरचनामा ठुलो क्षति पुऱ्याउनुका साथै ४५ विद्यार्थीलाई अझै सम्पर्कविहीन बनाएको छ ।

बाढीका कारण जिल्लाका ३ सरकारी र १ निजी विद्यालयका विद्यार्थी सम्पर्कविहीन भएका हुन् । शिक्षा तथा समन्वय इकाई धुन्चेका प्रमुख दुर्गाप्रसाद सिलवालका अनुसार बाढीबाट ४ वटा विद्यालय भवन पूर्ण रूपमा ध्वस्त भएका छन् । सम्पर्कविहीन विद्यार्थीमध्ये नेपाल राष्ट्रिय आधारभूत विद्यालय टिमुरेका २५ जना छन् । त्यस्तै मालिकादेवी आधारभूत विद्यालय पैरेबेँसीका ११, मोडर्न ट्रिनिटी इङ्लिस बोर्डिङ स्कुलका आठ र चिप्लेटी आधारभूत विद्यालयका एक विद्यार्थी अझै सम्पर्कमा आउन नसकेको एकाइ प्रमुख सिलवालले जानकारी दिए ।

बाढीले विद्यालयका भवन तथा भौतिक संरचना ध्वस्त पारेपछि प्रभावित विद्यार्थीको पढाइ रोकिए पनि अन्य विद्यार्थीका लागि भने वैकल्पिक व्यवस्था गरिएको छ । चिप्लेटी आधारभूत विद्यालयका विद्यार्थीलाई डाँडागाउँ र ठुलोगाउँका विद्यालयमा स्थानान्तरण गरी पठनपाठन सञ्चालन गरिएको छ ।

त्यसैगरी, मालिकादेवी आधारभूत विद्यालयका विद्यार्थीलाई नवविजयी माध्यमिक विद्यालय भलायडाँडामा र मोडर्न ट्रिनिटीका विद्यार्थीलाई नीलकण्ठ माध्यमिक विद्यालयमा बसोबाससहित अध्ययनको व्यवस्था मिलाइएको छ ।

बाढीपछि गोसाइँकुण्ड, आमाछोदिङ्मो, उत्तरगया र कालिका क्षेत्रका विद्यालय पूर्ण रूपमा बन्द भएका थिए । प्राकृतिक विपत्तिले विद्यालय भवन, शैक्षिक सामग्री र नियमित पठनपाठनमा असर पारे पनि स्थानीय तह र सम्बन्धित निकायले वैकल्पिक स्थानबाट कक्षा सञ्चालनको प्रयास गरेका छन् ।

नौकुण्ड गाउँपालिकामा भने बाढी गएको भोलिपल्ट अर्थात् भदौ ११ गतेदेखि नै विद्यालयमा पठनपाठन पुनः सुरु गरिएको थियो । तर, बाढीमा सम्पर्कविहीन बनेका ४५ विद्यार्थीको अवस्था अझै स्पष्ट हुन नसक्दा रसुवाको शिक्षा क्षेत्रमा विपत्तिको असर कायमै छ ।

# तरकारीको आवरणमा गाँजा तस्करी, ट्रकसहित २ जना पक्राउ

■ सौर्य समाचार

विराटनगर । बन्दाकोबीले छोपेर ट्रकमा लुकाइछिपाइ लैजाँदै गरिएको ठुलो परिमाणको गाँजा सुनसरी प्रहरीले बरामद गरेको छ । प्रहरीले इनरुवाबाट २ हजार ५६६ किलो ५६० ग्राम गाँजासहित ट्रक चालक र सहचालकलाई पक्राउ गरेको हो ।

कोसी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक योगेन्द्रसिंह थापाका अनुसार सोमबार राति इनरुवा नगरपालिका-३ सखुवागाछीमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना७ख १८२५ नम्बरको ट्रक जाँच गर्दा गाँजा फेला परेको हो । ट्रकमा बन्दाकोबीले छोपेर राखिएका ८३ वटा प्लास्टिकका बोराबाट गाँजा बरामद भएको प्रहरीले जनाएको छ ।

गाँजा ओसारपसारमा संलग्न रहेको आरोपमा प्रहरीले धनकुटाको सहिदभूमि गाउँपालिका-२ का ट्रक चालक राजु राई र सहचालक सन्दीप राईलाई नियन्त्रणमा लिएको छ । ट्राफिक प्रहरी कार्यालय इनरुवा र अस्थायी प्रहरी पोस्ट सखुवागाछीबाट खटिएको संयुक्त प्रहरी टोलीले ट्रक जाँचका क्रममा गाँजा बरामद गरेको हो । पक्राउ परेका दुवै जनामाथि तथा बरामद लागुऔषधका सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरी प्रवक्ता थापाले जानकारी दिए ।

## सम्पादकीय

# कम्युनिस्ट आन्दोलनमा नयाँ तरंग

पूर्वप्रधानमन्त्री एवं नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का सम्मानित नेता झलनाथ खनालले अघि बढाएको 'समाजवादी जागरण अभियान' ले अब नेपालको कम्युनिस्ट आन्दोलन यथास्थितिमा अघि नबढ्ने संकेतलाई थप बल पुर्‍याएको छ। झट्ट हेर्दा यो अभियान नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रको असन्तुष्टि सतहमा प्रकट भएजस्तो देखिए पनि अभियानमा अन्य पार्टीका नेताहरूको समेत संलग्नता अर्थपूर्ण छ। नेकपा एमाले सिंगो रहँदादेखि नै फरक विचार तथा दृष्टिकोणद्वारा तरंग पैदा गर्दै आएका खनाल पार्टी विभाजनपछि नेकपा (एकीकृत समाजवादी) को कित्तामा उभिए। नेकपा (एकीकृत समाजवादी) र माओवादी केन्द्रबीचको एकीकरणपछि पनि उनले सम्मानित नेताको स्थान पाएका छन्, तैपनि विगतमा जस्तै फरक विचार तथा दृष्टिकोण प्रस्तुत गर्ने क्रम जारी छ। उनले राख्दै आएका विचार तथा दृष्टिकोणहरू आफू आवद्ध पार्टीको परिधिभित्र भन्दा पनि मुलुकको समग्र कम्युनिस्ट आन्दोलनको गतिविधि र चरित्रमा केन्द्रित छन्। त्यसैले खनाललाई मुलुकका आमकम्युनिस्ट नेताहरूभन्दा पृथक रूपमा हेर्ने गरिएको छ। किनकि नेतृत्वमा टाँसिरहनका लागि सम्भव भएसम्मका सबै हर्कत गर्न बाँकी नराख्ने, आफ्नो हातबाट नेतृत्व गुम्नासाथ फेरि अर्को पार्टी खोल्ने कम्युनिस्ट नेताहरूको आमप्रवृत्तिका कारण नेपालमा यति धेरै कम्युनिस्ट पार्टीहरू पसलजस्तै खुलेका हुन्। तर खनाल यो प्रवृत्तिबाट बिलकुलै पृथक देखिएको इतिहास छ। त्यसैको उपज हो, नेपालको राजनीतिमा नेकपा (माले, एमाले) जस्तो प्रभावशाली पार्टीको उदय। त्यसैले खनालले सुरु गरेको 'समाजवादी जागरण अभियान' नयाँ कम्युनिस्ट पार्टी गठनको अभ्यास भएको आरोप लगाउनु अहिलेका लागि अर्घेल्याइँ हो। तर भोलिका दिनमा के हुन्छ ? यसै भन्न सकिन्न।

कुनै पनि राजनीतिक अभियानको जन्म मुलुकको परिस्थितिले गराउँछ। राजनीतिक अभियानले नै सशक्त पार्टीको जन्म गराउँछ। साविकको पार्टी फुटेर नयाँ पार्टीको जन्म हुँदा नेपालको वामपन्थी आन्दोलन कमजोर भएको इतिहास छ, तर साविकका पार्टीहरू अभियानका रूपमा ध्रुविकृत भई नयाँ पार्टीको जन्म हुँदा वामपन्थी आन्दोलनले लक्ष्य हासिल गरेको इतिहास पनि छ। नेकपा एमाले र नेकपा माओवादीलाई इतिहासको यो परिघटनाका मुख्य उदाहरणका रूपमा लिन सकिन्छ। नेकपा एमाले करिब-करिब अस्तित्व रक्षाको अवस्थामा पुगिसकेको, नेकपा माओवादीको अस्तित्व समाप्त भइसकेको अहिलेको परिस्थितिमा मुलुकले साविकका कम्युनिस्ट पार्टीको विभाजन होइन कि, ध्रुवीकरण भई सशक्त कम्युनिस्ट पार्टीको माग गरेको छ। नेता खनालको व्यक्तिगत पृष्ठभूमि तथा चरित्र हेर्दा उनले पार्टी विभाजनद्वारा नयाँ पार्टी जन्माउन होइन कि, ध्रुवीकरणको माध्यमबाट नयाँ पार्टीलाई अघि बढाउन अहं योगदान गरेको देखिन्छ। त्यसैले 'समाजवादी जागरण अभियान' ले मुलुकको वामपन्थी वृत्तमा नयाँ आशा जगाएको छ। यो अभियान वाम ध्रुवीकरणको सट्टा विभाजनतर्फ उन्मुख भयो भने कम्युनिस्ट आन्दोलनमा थप क्षति हुने मात्रै होइन, अहिलेसम्मको आफ्नो राजनीतिक साखको इतिहास माटोमा मिल्नेछ भन्ने यथार्थलाई नेता खनालले निश्चय पनि ख्याल गरेका होलान्।

'समाजवादी जागरण अभियान' ले सामना गर्नुपर्ने पहिलो चुनौती भनेको उनी स्वयं आवद्ध रहेका नेकपाको नेतृत्व पंक्तिको अवरोध हो। यो अभियानप्रति नेकपाको नेतृत्व पंक्ति सशंकित हुने नै भयो। किनकि अभियानमा संलग्न भएर खनाललाई साथ दिनेमध्ये अधिकांश यसै पार्टीका छन्। यसबाहेक अन्य कम्युनिस्ट घटकका उल्लेख्य नेताहरू समेत प्रारम्भिक गतिविधिमा संलग्न भएको देखिन्छ। त्यसैले खनालको यो अभियानका विरुद्ध अन्य सबै कम्युनिस्ट पार्टीका नेताहरू बर्खिलापमा उत्रने निश्चित जस्तै छ। यद्यपि अभियानले नाम जस्तै साँच्चै नै समाजवादी कित्तालाई एउटै छातामुनि ल्याउन सक्यो भने निश्चय नै मुलुकको राजनीतिक आवश्यकतापूर्तिका लागि सहयोग पुग्नेछ। तर कम्युनिस्ट पार्टीहरूको भिडमा फेरि अर्को संख्या थप्ने दिशातिर उन्मुख भयो भने मुलुकका लागि थप दुर्भाग्य हुनेछ। नेता खनालले अहिले जुन अभियानमा हात हालेका छन्, त्यो मुलुकको आवश्यकता हो भन्ने कुरामा निश्चित पार्टीको पद ओगटेका नेताबाहेक आम वामपन्थी वृत्तमा खासै विवाद छैन। सबै पार्टी पंक्तिमा यस विषयमा बहस हुँदै आएको छ। यद्यपि अभियानलाई सफलताउन्मुख दिशातिर लैजानका लागि धेरै ठुलो मिहिनेत गर्नुपर्नेछ। आफैँले सक्रिय नेतृत्व गर्नुको सट्टा नयाँ पुस्ताका जुझारु युवा नेताहरूलाई अघि सार्न खनाल सफल भए भने यो लक्ष्य टाढा छैन। किनकि मुलुकको पहिलो ठुलो दल रास्वपा र दोस्रो ठुलो दल नेपाली कांग्रेसको नेतृत्व कुन पुस्ता तथा उमेर समूहका युवाहरूले गरिरहेका छन् ? भन्ने यथार्थ एकातिर छ भने अर्कातिर कुन उमेर समूहका युवाहरूले नेकपा एमाले र माओवादी जस्ता सशक्त पार्टीको जन्म गराएका थिए ? भन्ने यथार्थता मुलुकसामु छ। अभियान अघि बढाउँदै गर्दा नेता खनाल यी दुवै यथार्थतालाई आत्मसात् गर्न नचुकून्।

# देउवाबिनाको कांग्रेस एउटै रहन्छ कि रहँदैन ?



**आरपी गैरे**
(गैरे लेखक तथा पत्रकार हुन्।)

> एकातिर लामो इतिहास बोकेको कांग्रेस छ, अर्कोतिर नयाँ पुस्ताको असन्तुष्टिबाट उभिएका नयाँ राजनीतिक शक्ति छन् । कांग्रेसले नयाँ शक्तिहरूलाई आलोचना गरेर आफ्नो ठाउँ सुरक्षित गर्न सक्दैन, जनताले किन नयाँ विकल्प खोजिरहेका छन् भन्ने प्रश्नको उत्तर दिनुपर्छ ।

आफ्नो इतिहासमा अर्को गम्भीर संगठनात्मक विभाजनको अवस्था सामना गरिरहेको बेला नेपाली कांग्रेसले आइतबारदेखि १५औँ महाधिवेशन सुरु गरेको छ। काठमाडौँको खुलामञ्चमा महाधिवेशन उद्घाटन गर्दै सभापति गगन थापाले कांग्रेसलाई नयाँ राजनीतिक यात्रामा अघि बढाउने दाबी गरेका छन्। तर १४औँ महाधिवेशनद्वारा निर्वाचित सभापति शेरबहादुर देउवा पक्षले छुट्टै संगठनात्मक प्रक्रिया अघि बढाउँदै आगामी मंसिरमा समानान्तर महाधिवेशन गर्ने घोषणा गरिसकेको छ।

आइतबार खुलामञ्चमा भएको उद्घाटन समारोहमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, नेकपा माओवादी केन्द्रका संयोजक पुष्पकमल दाहाल, नेकपा एमालेका महासचिव शंकर पोखरेल, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन तथा पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईलगायत विभिन्न राजनीतिक दलका नेताहरूको उपस्थिति र शुभकामना मन्तव्यले राष्ट्रिय राजनीतिक बहसको केन्द्रमा ल्याएको थियो।

तर खुलामञ्चमा देखिएको राजनीतिक सौहार्दभन्दा कांग्रेसभित्रको संगठनात्मक अवस्था निकै फरक छ। एउटै पार्टीका दुई समूहले दुईवटा महाधिवेशनको तयारी गरिरहेका छन्। देउवा पक्षले २१ देखि २५ मंसिरसम्म समानान्तर महाधिवेशन गर्ने निर्णय गरिसकेको छ। देउवा पक्षले आफ्नो कदमलाई गुटगत विभाजनभन्दा पार्टीको वैधानिक र संस्थागत प्रक्रियाको निरन्तरतासँग जोड्दै आएको छ।

उता थापा नेतृत्वले विशेष महाधिवेशनबाट प्राप्त नेतृत्वलाई निर्वाचन आयोगले मान्यता दिएको र सर्वोच्च अदालतबाट पनि त्यससम्बन्धी फैसला भएको आधारमा नियमित महाधिवेशन अघि बढाएको बताउँदै आएको छ। सर्वोच्च अदालतमा पुनरवलोकनको प्रक्रिया भने अझै विवादको एउटा पक्ष बनेको छ।

यही कारणले कांग्रेसको १५औँ महाधिवेशनलाई थापा नेतृत्वको महाधिवेशन भनेर बुझ्नु पर्याप्त हुँदैन। यसको वास्तविक परीक्षा महाधिवेशनबाट नयाँ नेतृत्व चयन हुनुमा मात्र छैन, महाधिवेशनपछि कांग्रेसले आफूलाई एउटै राजनीतिक संगठनका रूपमा कसरी पुनर्संयोजन गर्छ भन्नेमा छ। एउटा पक्ष महाधिवेशनमा सहभागी हुने र अर्को पक्ष समानान्तर महाधिवेशनतिर जाने अवस्था लामो समय कायम रह्यो भने कांग्रेसको संगठनात्मक शक्ति, जनविश्वास र राष्ट्रिय राजनीतिमा उसको भूमिका स्वाभाविक रूपमा प्रभावित हुन सक्छ।

नेपालमा राजनीतिक दलहरू विभाजनको इतिहासबाट गुज्रिँदै आएका छन्। कांग्रेसजस्तो लामो लोकतान्त्रिक इतिहास बोकेको दलका लागि आन्तरिक मतभेदलाई संस्थागत संवादबाट व्यवस्थापन गर्न नसक्नु आफैँमा गम्भीर प्रश्न हो। कांग्रेसको अहिलेको विवादको केन्द्रमा नेतृत्व मात्र छैन, राजनीतिक संस्कार पनि छ। पार्टीमा कसले सभापति पाउने, कसले महामन्त्री बन्ने, कसले केन्द्रीय समितिमा स्थान पाउने भन्ने प्रतिस्पर्धा स्वाभाविक हो। महाधिवेशन भनेको नै नेतृत्व चयन गर्ने लोकतान्त्रिक माध्यम हो। तर नेतृत्वका लागि हुने प्रतिस्पर्धा संगठन र विचारभन्दा माथि पुग्यो भने त्यसले पार्टीभित्र गुटलाई संस्थाभन्दा शक्तिशाली बनाउने जोखिम पैदा गर्छ। कांग्रेसका लागि अहिलेको चुनौती यही हो, प्रतिस्पर्धालाई लोकतान्त्रिक अभ्यासमा सीमित राख्ने कि त्यसलाई विभाजनको स्थायी संरचनामा परिणत हुन दिने ?

कांग्रेसले यसपटक परिवर्तनको नारालाई अगाडि सारेको छ। पार्टीको आधिकारिक वेबसाइटमा समेत बदलियो कांग्रेस, बदल्छौँ देश जस्ता नारालाई अगाडि ल्याइएको छ। राष्ट्रियता, लोकतन्त्र र समाजवादलाई पार्टीको वैचारिक आधारका रूपमा प्रस्तुत गरिएको छ। तर नाराले मात्र परिवर्तन हुँदैन। कांग्रेस बदलिएको प्रमाण उसको संगठनात्मक व्यवहार, आर्थिक पारदर्शिता, उम्मेदवार छनोटको प्रक्रिया, सार्वजनिक जबाफदेहिता, नीति निर्माण र नयाँ पुस्तालाई दिने अवसरबाट देखिनुपर्छ।

कांग्रेसको सबैभन्दा ठुलो चुनौती अहिले नेतृत्व परिवर्तनभन्दा पनि राजनीतिक संस्कार परिवर्तन हो। नेतृत्वमा नयाँ अनुहार आउँदैमा पुरानो राजनीतिक शैली समाप्त हुँदैन। यदि नयाँ नेतृत्वले पनि शक्ति केन्द्रित गर्ने, आफ्ना समर्थकलाई मात्र अवसर दिने, आलोचनालाई अस्वीकार गर्ने, राज्यसत्तासँगको पहुँचलाई राजनीतिक शक्तिको मुख्य आधार बनाउने र संगठनलाई व्यक्तिको वरिपरि घुमाउने शैलीलाई निरन्तरता दियो भने अनुहार परिवर्तनले मात्र कांग्रेसको चरित्र परिवर्तन गर्दैन।

नेपाली कांग्रेसको इतिहास हेर्दा यसको प्रारम्भिक पुस्ताले पद र सत्ताभन्दा ठुलो मूल्यका रूपमा लोकतन्त्र, नागरिक स्वतन्त्रता र राजनीतिक निष्ठालाई स्थापित गरेको देखिन्छ। बिपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईजस्ता नेताहरूको राजनीतिक जीवनमा जेल, निर्वासन, संघर्ष र त्यागका अनेक अध्याय छन्। उनीहरूको राजनीतिक जीवनलाई आजको पुस्तासँग तुलना गर्दा समय, परिस्थिति र राजनीतिक प्रणाली फरक थिए भन्ने कुरा पनि बिर्सन हुँदैन। तर त्यस इतिहासबाट एउटा मूल प्रश्न भने उठ्छ, राजनीति व्यक्तिगत लाभ र पद प्राप्तिको माध्यम हो कि सार्वजनिक जिम्मेवारी ?

बिपी कोइरालाको राजनीतिक चिन्तनमा लोकतन्त्रसँगै सामाजिक न्याय र आर्थिक समानताको प्रश्न जोडिएको थियो। गणेशमान सिंहले लोकतान्त्रिक संघर्षमा व्यक्तिगत सत्ताभन्दा राजनीतिक मूल्यलाई प्राथमिकता दिएको उदाहरण प्रस्तुत गरे। कृष्णप्रसाद भट्टराईले पनि सादगी, निष्ठा र लोकतान्त्रिक संस्कारका कारण नेपाली राजनीतिक इतिहासमा अलग पहिचान बनाए। आजका नेताहरूले उनीहरूको जीवनको हुबहु अनुकरण गर्न सम्भव नहोला, तर राजनीतिलाई व्यक्तिगत सम्पत्ति, पद र प्रभाव विस्तारको माध्यम नबनाउने मूल संस्कार भने पुनःस्थापित गर्न सकिन्छ।

आज कांग्रेसभित्र देखिएको सबैभन्दा ठुलो बहस यही ठाउँमा पुगेर ठोक्किन्छ। नेतृत्व परिवर्तनको बहस छ, तर नेतृत्वको उद्देश्य के हो भन्ने बहस अझ गहिरो हुन आवश्यक छ। सभापति बन्ने प्रतिस्पर्धा, महामन्त्री बन्ने प्रतिस्पर्धा वा केन्द्रीय सदस्य बन्ने दौड राजनीतिक संगठनमा स्वाभाविक प्रक्रिया हुन्। तर ती पदहरू जनताको सेवा गर्ने जिम्मेवारीभन्दा प्रतिष्ठा, पहुँच र अवसरको स्रोत बन्न थाले भने पार्टी र जनताबीचको सम्बन्ध कमजोर हुँदै जान्छ। पदका लागि हुने प्रतिस्पर्धा र विचारका लागि हुने प्रतिस्पर्धाबीचको अन्तर कांग्रेसले स्पष्ट गर्नुपर्ने अवस्था आएको छ।

कांग्रेसको अर्को गम्भीर कमजोरी नीतिगत अस्पष्टता हो। संघीयताको विषयमा कांग्रेसको धारणा के हो ? संघीय संरचनालाई सुधार गर्ने कि यथावत राख्ने ? प्रदेश सरकारको कार्यक्षमता कसरी बढाउने ? स्थानीय तहको संरचना कस्तो बनाउने ? केन्द्र, प्रदेश र स्थानीय तहबीच अधिकार र स्रोतको बाँडफाँट कसरी प्रभावकारी बनाउने ? यी प्रश्नमा जनताले स्पष्ट उत्तर खोजिरहेका छन्। संघीयतामाथि पुनर्विचारको बहस नेपालमा तीव्र बन्दै गएको अवस्थामा कांग्रेसले संविधानको पक्षमा सामान्य अभिव्यक्ति दिएर पुग्दैन। संघीयताको कार्यान्वयनमा देखिएका समस्या पहिचान गरेर सुधारको ठोस प्रस्ताव अघि सार्नुपर्ने आवश्यकता छ।

जनतामा पुराना राजनीतिक दलप्रति असन्तुष्टि बढ्नुको एउटा कारण यही नीतिगत अस्पष्टता पनि हो। नागरिकले अब राजनीतिक दलसँग लोकतन्त्र बचाउने भाषण सुन्न चाहेका छैनन्। उनीहरू रोजगारी, शिक्षा, स्वास्थ्य, उत्पादन, कृषि, उद्योग, पूर्वाधार, सुशासन र सार्वजनिक सेवाको गुणस्तरबारे ठोस योजना खोजिरहेका छन्। लामो समयदेखि सत्ता र प्रतिपक्ष दुवैमा रहेको कांग्रेसले आफ्ना विगतका उपलब्धिसँगै आफ्ना कमजोरीको पनि सार्वजनिक समीक्षा गर्नुपर्ने समय आएको छ।

नयाँ पुस्ताले पुराना दललाई सोधिरहेको प्रश्न झन् सरल छ – तपाईंहरूले देशका लागि के गर्नुभयो र अब के गर्न सक्नुहुन्छ ? यो प्रश्नको उत्तर विगतको गौरव सुनाएर मात्र पुग्दैन। २०४६ सालको आन्दोलन, २०६२/०६३ सालको जनआन्दोलन, संविधान निर्माणलगायतका ऐतिहासिक योगदान कांग्रेसको राजनीतिक पुँजी हुन्। तर इतिहासमा योगदान गरेको प्रमाणले वर्तमानमा राम्रो शासन गर्ने स्वचालित अधिकार दिँदैन। प्रत्येक पुस्ताले आफ्नो समयको परीक्षा आफैँ उत्तीर्ण गर्नुपर्छ।

यही कारणले कांग्रेसको १५औँ महाधिवेशनको सबैभन्दा ठुलो परीक्षा प्रतिनिधिहरूले कसलाई पदाधिकारी बनाउँछन् भन्नेभन्दा उनीहरूले कस्तो कांग्रेस बनाउने निर्णय गर्छन् भन्नेमा हुनेछ। यदि महाधिवेशन नेतृत्व चयनको गणितमा मात्र सीमित भयो भने परिवर्तनको दाबी कमजोर हुनेछ। यदि यसले संगठन, नीति, आर्थिक पारदर्शिता, आन्तरिक लोकतन्त्र, पुस्तान्तरण र जनउत्तरदायित्वबारे गम्भीर निर्णय गर्छ भने यसको राजनीतिक अर्थ फरक हुनेछ।

कांग्रेसले यसपटक प्यानल नबनाई प्रतिनिधिलाई आफूले रोजेका उम्मेदवारलाई स्वतन्त्र रूपमा मतदान गर्न दिने भनिएको छ। उपसभापति विश्वप्रकाश शर्माले सबै उम्मेदवारलाई समान व्यवहार गरिने र प्रतिनिधिलाई आफ्नो विवेकअनुसार मतदान गर्न दिइने बताएका छन्। यस्तो अभ्यास व्यवहारमै स्थापित गर्न सकियो भने आन्तरिक लोकतन्त्रको दृष्टिले त्यसको महत्त्व हुनेछ। तर घोषणाभन्दा व्यवहार ठुलो हुन्छ। अन्ततः उम्मेदवार चयन, प्रचार, आर्थिक स्रोत, प्रतिनिधिमाथिको प्रभाव र निर्वाचन परिणामले नै यो अभ्यास कति स्वतन्त्र थियो भन्ने देखाउनेछ।

अर्कोतर्फ, देउवा पक्षलाई समेटेर सहमतिको बाटो खोज्ने प्रयासहरू पनि भएका थिए। थापाले स्वयंले देउवालाई महाधिवेशन उद्घाटन गर्न आउन सार्वजनिक आग्रह गरेका थिए। पार्टीको सम्मानका लागि पूर्वसभापतिको उपस्थितिलाई महत्त्वपूर्ण बताएका थिए। थापा नेतृत्वले देउवा पक्षका अघिल्लो केन्द्रीय समितिका सदस्यहरूलाई पनि नयाँ केन्द्रीय कार्यसमितिमा फर्कने बाटो खोल्ने निर्णय गरेको थियो। तर त्यसले विवाद समाधान गर्न सकेन र देउवा पक्षले समानान्तर प्रक्रिया अघि बढाउने निर्णय गर्‍यो।

यसबाट एउटा कुरा प्रस्ट हुन्छ – कांग्रेसको समस्या व्यक्तिहरूबीचको मनमुटाव होइन, संस्थागत विश्वासको संकट पनि हो। एउटा पक्षले आफूलाई वैधानिक नेतृत्व ठान्छ, अर्को पक्षले संस्थागत निरन्तरताको प्रश्न उठाउँछ। यस्तो अवस्थामा अदालत, निर्वाचन आयोग र पार्टीको विधानका कानुनी पक्षहरू महत्त्वपूर्ण हुन्छन्, तर राजनीतिक दल अन्ततः कानुनी संस्थासँगै राजनीतिक संस्था पनि हो। अदालतको फैसला वा निर्वाचन आयोगको मान्यताले कानुनी प्रश्नको एउटा पक्ष समाधान गर्न सक्छ, पार्टीभित्रको राजनीतिक विश्वास भने संवाद, सहमति र व्यवहारबाट मात्र निर्माण हुन्छ।

एकातिर लामो इतिहास बोकेको कांग्रेस छ, अर्कोतिर नयाँ पुस्ताको असन्तुष्टिबाट उभिएका नयाँ राजनीतिक शक्ति छन्। कांग्रेसले नयाँ शक्तिहरूलाई आलोचना गरेर आफ्नो ठाउँ सुरक्षित गर्न सक्दैन, जनताले किन नयाँ विकल्प खोजिरहेका छन् भन्ने प्रश्नको उत्तर दिनुपर्छ। पछिल्लो समय युवापुस्ताको राजनीतिप्रतिको दृष्टिकोण पनि बदलिएको छ। उनीहरू पुरानो राजनीतिक इतिहासको सम्मान गर्छन्, तर इतिहासकै आधारमा भविष्यको नेतृत्व स्वीकार गर्न तयार छैनन्। उनीहरू परिणाम खोज्छन्।

देशभित्र रोजगारी नपाएर विदेश जानुपर्ने अवस्था, महँगी, शिक्षा र स्वास्थ्यको बढ्दो खर्च, भ्रष्टाचारप्रतिको धारणा, सरकारी सेवाको ढिलासुस्ती र राजनीतिक पहुँचका आधारमा अवसर वितरण हुने गुनासोले नयाँ पुस्तामा निराशा पैदा गरेको छ। कांग्रेसले यो असन्तुष्टिलाई बुझ्न सकेन भने महाधिवेशनमा जतिसुकै आकर्षक नारा लगाए पनि त्यसको प्रभाव सीमित हुन सक्छ।

राजनीतिक दलका लागि जनविश्वास सबैभन्दा ठुलो पुँजी हो। जनविश्वास भाषणबाट प्राप्त हुँदैन। नेताले बोलेको कुरा व्यवहारमा देखिनुपर्छ। चुनावअघि एउटा कुरा र चुनावपछि अर्को कुरा गर्ने प्रवृत्ति, घोषणापत्रमा ठुला प्रतिबद्धता तर कार्यान्वयनमा कमजोरी, भ्रष्टाचारमाथि दोहोरो मापदण्ड, आफन्त र नजिकका व्यक्तिलाई अवसर दिने संस्कृति तथा पार्टीभित्र आलोचनालाई निषेध गर्ने अभ्यासले जनविश्वास घटाउँछ। कांग्रेसले आफ्नो १५औँ महाधिवेशनबाट यस्तो राजनीतिक संस्कार तोड्ने प्रतिबद्धता व्यवहारमा देखाउन सके मात्र परिवर्तनको दाबी अर्थपूर्ण बन्न सक्छ।

कांग्रेसले आफ्नै इतिहासबाट पनि सिक्नुपर्ने विषय धेरै छन्। बिपी, गणेशमान, कृष्णप्रसाद भट्टराईलगायतका नेताहरूको योगदान सम्झनुको अर्थ उनीहरूको नाम दोहोर्‍याउनु मात्र होइन। उनीहरूले राजनीतिलाई कसरी बुझे, व्यक्तिगत कठिनाइलाई कसरी स्वीकार गरे, संगठनभित्र मतभेद हुँदा कसरी संवाद गरे र लोकतन्त्रलाई किन आफ्नो राजनीतिक जीवनको मूल आधार बनाए भन्ने कुरा आजको नेतृत्वले आत्मसात गर्नुपर्छ। इतिहासलाई स्मारक बनाउने कि मार्गदर्शन बनाउने भन्ने निर्णय अहिलेको कांग्रेसले गर्नुपर्नेछ।

# सुशासनको दाबी र धरातलीय यथार्थ



**गोकुल निरौला**
(निरौला सामाजिक समस्याका विषयमा कलम चलाउने लेखक हुन्)

केही वर्ष पहिले मैले नै 'एउटा असफल सरकार' भनेर लेखेको थिएँ, जुन सरकारका प्रधानमन्त्री केपी ओली थिए। आज ओलीको समय छैन, साहको समय छ (शाह होइन, हालका प्रधानमन्त्री साह हुन्)। ती साह निडर जस्ता छन्, लोकप्रिय जस्ता छन्। शाह र साहको शासनकाल फरक छ। शाह राणाकालका बास्सा थिए, साह गणतन्त्रका बास्सा छन्।

नेपालको राजनीतिमा कहिलेकाहीँ यस्तो समय आउँछ, जब जनता सरकार मात्रै बदल्न चाहँदैनन्, शासन गर्ने शैली नै बदल्न चाहन्छन्। २०८२ फागुन २१ को प्रतिनिधिसभा निर्वाचन त्यस्तै एउटा क्षण थियो। अघिल्लो सरकारविरुद्धको असन्तुष्टि, भ्रष्टाचारप्रतिको आक्रोश, युवाको बेचैनी, रोजगारीको अभाव र पुराना राजनीतिक शक्तिप्रतिको अविश्वासबीच राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभाका २७५ मध्ये १८२ सिट जित्यो र वालेन्द्र साह प्रधानमन्त्री बने।

२०८२ भदौमा भएको जेनजी आन्दोलनको जिम्मा हालको सरकारले लियो। निर्वाचनमा जेनजी सरकारको नारा दिएरै बहुमत प्राप्त गर्‍यो। यो सरकारसँग असाधारण जनादेश छ। त्यसैले जनताको अपेक्षा पनि असाधारण छ। जनताले भनेका थिए, अब भ्रष्टाचारको अन्त्य गर, सरकारी कार्यालयमा हुने ढिलासुस्ती हटाऊ, अस्पतालमा पैसा नभएका कारण बिरामी नफर्किऊन्, वर्षौंदेखि अलपत्र सडक बलम पुल बनाऊ, युवालाई देशमै काम गर्ने वातावरण बनाऊ, किसानलाई मल र उपजको मूल्य देऊ, ठेकेदारको राजनीतिक पहुँच तोड र राज्यलाई जनताको राज्य बनाऊ।

तर सरकार गठन भएको करिब ६ महिना बित्दा एउटा असहज प्रश्न सतहमा आएको छ, के परिवर्तन सरकारको अनुहारमा मात्र आयो, कि जनताको जीवनमा पनि आयो ? अझ कठोर प्रश्न हो, जनताको ठुलो आशाबाट जन्मिएको यो सरकार असफलताको बाटोतर्फ त गइरहेको छैन ? यो प्रश्नको उत्तर भावनाले होइन, सरकार बनेपछि भएका घटनाहरूबाट खोज्नुपर्छ।

वर्तमान सरकारको जन्म बुझ्न २०८२ सालको राजनीतिक संकट बुझ्नुपर्छ। सामाजिक सञ्जाल प्रतिबन्ध, भ्रष्टाचारविरुद्धको आक्रोश र शासनशैलीप्रतिको असन्तुष्टिले युवा आन्दोलन चर्कियो। आन्दोलनमा ठुलो मानवीय क्षति भयो। त्यसपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिए। त्यो आन्दोलनको एउटा मूल सन्देश थियो, पुरानो शैलीको शासन अब स्वीकार्य छैन। त्यही सन्देश निर्वाचनमा मतमा बदलियो। राष्ट्रिय स्वतन्त्र पार्टीले ठुलो बहुमत पायो र साह प्रधानमन्त्री बने।

त्यसैले वर्तमान सरकारको पहिलो राजनीतिक दायित्व थियो, पुराना सरकारको गल्ती दोहोरिन नदिनु। तर आजको मूल्यांकन त्यही आधारमा हुनुपर्छ। पुरानो सरकार असफल भएको कारण देखाएर नयाँ सरकार बनेको हो भने नयाँ सरकारले आफूलाई पुरानो सरकारभन्दा फरक प्रमाणित गर्नुपर्छ।

प्रधानमन्त्रीको शपथ लिएलगत्तै सरकारले १०० बुँदे कार्ययोजना सार्वजनिक गर्‍यो। सरकारले सुशासन, भ्रष्टाचार नियन्त्रण, सेवा प्रवाह, डिजिटल प्रणाली, स्वास्थ्य, शिक्षा, पूर्वाधार र प्रशासनिक सुधारलाई प्राथमिकता दिने घोषणा गर्‍यो। सरकारको शैली पनि स्पष्ट थियो - छिटो निर्णय, छिटो कार्यान्वयन र पुरानो संरचनामाथि कठोर हस्तक्षेप। पहिलो १०० दिनमै सरकारले धेरै निर्णय गर्‍यो।

तर यहीँबाट पहिलो विवाद सुरु भयो। सरकारले आफ्नो १०० बुँदे कार्यक्रममध्ये ७० बुँदा पूरा भएको दाबी गर्‍यो। स्वतन्त्र मूल्यांकनहरूले भने फरक चित्र देखाए। यसको अर्थ सरकारले कामै गरेन भन्ने होइन, बरु समस्या अर्को हो, सरकारको उपलब्धिको मापन गर्ने तरिका र बाहिरबाट देखिएको परिणामबीच ठुलो अन्तर देखियो। सरकार भन्छ, हामीले ७० प्रतिशत पूरा गर्‍यौँ, स्वतन्त्र मूल्यांकन भन्छ, ३८, अर्को मूल्यांकन भन्छ - २०। त्यसो भए जनताले कुन तथ्य पत्याउने ? यही कारण सरकारका लागि अब सबैभन्दा आवश्यक कुरा प्रचार होइन, स्वतन्त्र र पारदर्शी मूल्यांकन हो।

सरकार गठन भएको भोलिपल्टै पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परे। सरकारले यसलाई न्याय प्रक्रियाको सुरुआतका रूपमा प्रस्तुत गर्‍यो। विपक्षीहरूले भने राजनीतिक प्रतिशोधको आरोप लगाए। यहाँ एउटा महत्त्वपूर्ण कुरा छुटाउनु हुँदैन, कुनै अपराधको अनुसन्धान हुनु लोकतन्त्रमा अस्वाभाविक होइन, तर अनुसन्धान निष्पक्ष, कानुनी प्रक्रियाअनुरूप र प्रमाणमा आधारित हुनुपर्छ।

नयाँ सरकारका लागि यही पहिलो ठुलो संस्थागत परीक्षा थियो, पुराना शक्तिमाथि कारबाही गर्दा पनि कानुनको शासन कायम राख्न सकिन्छ कि सकिँदैन ? किनकि जनताले 'ठुला मान्छे पक्राउ परे' भन्ने समाचार मात्र खोजेका होइनन्, उनीहरूले निष्पक्ष न्याय खोजेका हुन्। सरकारको पहिलो १०० दिनमा तीव्र निर्णय शैली देखियो। लाइसेन्सको ठुलो ब्याकलग घटाउने काम भयो। प्रशासनिक सेवा केही क्षेत्रमा छिटो भएको टिप्पणी पनि आयो। छिटो काम गर्नु राम्रो हो, तर कानुन मिचेर छिटो काम गर्नु राम्रो शासन होइन। लोकतन्त्रमा गति र प्रक्रिया दुवै आवश्यक हुन्छन्।

सरकार गठन भएको केही महिनामै नेपालमा आत्मदाहका घटनाको एउटा अत्यन्त पीडादायी शृंखला देखियो। असारको अन्त्यदेखि साउनको दोस्रो सातासम्म ३ जनाको मृत्यु भयो। तीमध्ये गणेश नेपाली (२५ वर्ष, मुगुका राइड-हेलिङ चालक), अश्विन राउत (४५ वर्ष, काठमाडौँका व्यवसायी) र विवेक मण्डल (४२ वर्ष, सर्लाहीका बासिन्दा) थिए। गणेश नेपालीको मृत्यु २०८३ असार २६ गते भयो। उनी काठमाडौँको राहदानी विभागबाहिर महानगर प्रहरीसँगको विवादपछि गम्भीर अवस्थामा पुगेका थिए। परिवारले महानगर प्रहरीको व्यवहारलाई घटनासँग जोडेर प्रश्न उठाएको थियो। अश्विन राउतको घटनालाई परिवारले स्वास्थ्य तथा व्यक्तिगत कठिनाइसँग जोडेको थियो।

प्रहरी अनुसन्धानमा रहेको घटनालाई कुनै एक कारणसँग मात्र जोड्न मिल्दैन। विवेक मण्डलको मृत्यु पनि उपचारका क्रममा भयो। परिवारका अनुसार उनी बेरोजगारी र आर्थिक दबाबमा थिए, तर उनको घटनाको सम्पूर्ण कारण अनुसन्धानकै विषय थियो। पछि अनुसन्धानमूलक रिपोर्टअनुसार असार महिनामा नेपालमा यस्ता ५ मृत्यु भएका थिए। तीमध्ये कम्तीमा ३ जनाको जीवनमा गम्भीर आर्थिक कठिनाइ रहेको परिवार तथा अनुसन्धानबाट उल्लेख गरिएको छ।

घटनाहरूका व्यक्तिगत, आर्थिक, स्वास्थ्य, सामाजिक र पारिवारिक कारणहरू फरक हुन सक्छन्। तर ५ जनाको मृत्यु छोटो अवधिमा हुनु राज्यका लागि गम्भीर सामाजिक चेतावनी भने अवश्य हो। सरकारले यो चेतावनी कति गम्भीर रूपमा लियो ? गणेश नेपालीको घटनाले देशभर बहस ल्यायो। उनी रोजगारीका लागि संघर्ष गरिरहेका युवा थिए। परिवारका अनुसार उनी विदेश जाने तयारीमा थिए र सरकारी सेवाको तयारी पनि गरिरहेका थिए।

घटना महानगर प्रहरीसँगको विवादपछि भएको थियो र घटनापछि परिवारले न्याय माग्यो। सरकार बलम परिवारबीच ९ बुँदे सहमति भयो, जसमा स्वतन्त्र छानबिन, परिवारलाई सहयोग, पत्नीका लागि रोजगारी, छोरीको शिक्षालगायतका विषय समेटिएका थिए। सरकारले पूर्वउच्च अदालतका न्यायाधीश केशवप्रसाद बाँस्तोलाको नेतृत्वमा उच्चस्तरीय छानबिन समिति बनायो र समितिले प्रतिवेदन पनि बुझायो। तर यहाँ सरकारमाथि अर्को प्रश्न आयो, प्रतिवेदन सार्वजनिक किन भएन ?

सरकारले समिति बनायो, समितिले काम गर्‍यो, प्रतिवेदन आयो, तर परिवार बलम जनताले परिणाम खोजिरहेका छन्। छानबिन समितिको रिपोर्ट पनि यदि सरकारी दराजमै थन्कियो भने सरकार बलम अघिल्ला सरकारबीचको फरक के भयो ?

काठमाडौँ र जनकपुरमा थप २ व्यक्तिले आत्मदाहको प्रयास गरेको रिपोर्ट आएको थियो। उनीहरू माइक्रोफाइनान्स तथा ऋणसम्बन्धी समस्याको विरोधमा आन्दोलनरत समूहसँग जोडिएका थिए। यसले अर्को गम्भीर विषय सतहमा ल्यायो, सानो ऋण, ठुलो ब्याज बलम कमजोर आर्थिक सुरक्षाले नागरिकलाई कहाँ पुर्‍याइरहेको छ ? माइक्रोफाइनान्सको समस्या नयाँ होइन, तर नयाँ सरकारबाट जनताले पुराना समस्याको नयाँ समाधान खोजेका थिए। गाउँको गरिब परिवार ऋणको चक्रमा फसिरहन्छ भने सुशासन अधुरो हुन्छ। सुशासनको अर्थ फाइलमा भ्रष्टाचार खोज्नु मात्र होइन, गरिब नागरिकलाई राज्यसँग न्याय खोज्ने बाटो दिनु पनि सुशासन हो।

सरकार गठन भएको करिब ७ महिनापछि, त्रिपुरेश्वरस्थित राहदानी विभाग अगाडि फेरि अर्को गम्भीर आत्मदाहसम्बन्धी घटना भयो। दावा लामासम्बन्धी घटनामा प्रहरीले अनुसन्धान गरिरहेको छ र घटनाको कारण औपचारिक रूपमा स्थापित भइसकेको छैन। तर स्थान उही थियो, राहदानी विभागको आसपास। यसले गणेश नेपालीको घटनापछि राज्यले प्रशासनिक व्यवहार, जरिमाना, नागरिकको गुनासो सुनुवाइ र सार्वजनिक सेवा केन्द्रमा तनाव व्यवस्थापनबारे पर्याप्त सुधार गर्‍यो कि गरेन भन्ने प्रश्न उठाउँछ। एउटै ठाउँमा दुई घटना हुनु आफैँमा गम्भीर चेतावनी हो, तर यी घटनाबीच प्रत्यक्ष कारण सम्बन्ध स्थापित गर्न अनुसन्धान पूरा हुनुपर्छ।

## आजको राशिफल

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मेष | चिन्ता बढने । | मिथुन | पदोन्नती । | सिंह | अचानक महान कष्ट । | तुला | गृह सुख । | धनु | भय बढने । | कुम्भ | असफलता । |
| वृष | व्यापारमा लाभ । | कर्कट | विवादमा परिने । | कन्या | धन लाभ । | वृश्चिक | अशान्ति । | मकर | सुख । | मीन | रोग मुक्त । |

ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya



# हाम्रो अभियान पार्टी फुटाउने होइन, बलियो बनाउने हो : झलनाथ खनाल

नेपालको कम्युनिस्ट आन्दोलनमा झलनाथ खनालको नाम सकारात्मक रुपमा लिने गरिन्छ । कुनै बेला सबैभन्दा शक्तिशाली कम्युनिस्ट पार्टीका महासचिव थिए उनी । उनैले नेतृत्व गरेको कम्युनिस्ट पार्टीले २०४६ सालको जनआन्दोलनको नेतृत्व गरेको थियो । उनी मुलुकको प्रधानमन्त्री बने । अहिले दोस्रो ठुलो कम्युनिस्ट पार्टीमा उनी तेस्रो वरीयताका नेता छन् । बहस छलफलमा बढी सक्रिय हुने उनी पार्टीको जिम्मेवारीमा धेरै सक्रिय छैनन् तर विचारमा भने अगाडि छन् । उनले शानिबार एकाएक एउटा गोप्य भेला गरे । कतिले त्यसलाई उनले छुट्टै पार्टी खोल्न लागेको भन्दै अर्थ्याए । खनाल यतिबेला "समाजवादी जागरण अभियान" को नामले सक्रिय भएका छन् । यसै सन्दर्भमा उनीसँग *सौर्य दैनिक*का लागि चमिना भट्टराईले गरेको संवाद :



**झलनाथ खनाल**, नेकपा नेता

- **तपाइले सञ्चालन गर्न लागेको अभियानको उद्देश्य के हो ?**
नेपालको आधुनिक कम्युनिस्ट आन्दोलनभित्र धेरै बहस हुनपने थियो, भएन । यो बीचमा विचार शून्यता, सिद्धान्त शून्यता, वैचारिक रूपान्तरणको शून्यता छाएको छ । त्यसकारण त्यो शून्यतालाई चिर्नका लागि हामी नयाँ बहसको थालनी गर्दै छौं । यसबाट आमकार्यकर्ताले अपेक्षा गरेका छन् । त्यसकारण यो बाटोले सफलता हासिल गर्दै जानै पर्छ । त्यसैका लागि यो प्रयास हो ।

- **बाहिर त तपाईं नेकपाबाट बाहिरिएको भन्ने सुनिन्छ के हो ?**
बिल्कुलै होइन । म पार्टीबाट बहिरिएको भन्ने गलत प्रचार हो । म नेकपाको जुन ठाउँमा थिएँ, त्यहीँ छु । तर, मैले आफैंले काम सिर्जना गरेर अभियान चलाउन लागेको हो । समाजवादी जागरण अभियान सुरु गरेका छौं हामीले । विचार शून्यहरूले विचारको कुरा गर्दा यस्तै भन्छन् । जब विचारमा प्रतिवद्ध हुँदैन अनि यस्तै कुरा आउने गर्छ । म हिजाको दिनमा जहाँ थिएँ, अहिले पनि त्यहीँ छु ।

- **अभियान किन के का लागि ?**
यो सम्पूर्ण नेपालको कम्युनिस्ट आन्दोलनको हितमा सुरु गरिएको हो, नेकपाको पनि हितमा हो । सिंगो कमयुनिस्ट आन्दोलनलाई अग्रगतितर्फ लाने, एकताबद्ध गर्ने अभियान हो । यसले शून्य हुँदै गएको विचार सिद्धान्तका बारेमा छलफल गर्ने छ र छरिएका कम्युनिस्टलाई एकतावद्ध पार्ने छ ।

- **गर्नचाहिं के खोज्नुभएको ?**
यतिबेला नेपालको कम्युनिस्ट आन्दोलनमा दक्षिणपन्थी अवसरवाद हाबी छ । त्यो अवसरवादलाई हटाउँदै क्रान्तिकारी, वैचारिक, राजनीतिक कार्यदिशाको विकास गर्ने गराउने, त्यसलाई पारित गर्ने र त्यसलाई वैज्ञानिक समाजवाद, नेपाली विशेषताको समाजवाद स्थापना गने दिशातर्फ उन्मुख पार्दे आन्दोलनलाई एकताबद्ध गरेर एकीकृत कम्युनिस्ट पार्टी बनाउने उद्देश्य हो ।

- **नेकपामा तपाईंले गर्न खोजेको अभियानले असर गर्दैन ?**
पार्टीलाई असर पर्ने वा चिन्ता लिनुपर्ने आवश्यकता म देख्दिनँ । यदि पार्टीले समाजवादतर्फ नै जाने हो भने, पार्टी भित्रै भएका विकार विकृतिलाई हटाएर समाजवादको बाटोमा दृढतापूर्वक हिँड्नुपर्छ । अहिले पार्टीले लिएका कतिपय अवधारणहरू वैज्ञानिक समाजवाद सम्मत छैन । ती कुराहरूलाई सच्याएर वैज्ञानिक समाजवादको बाटोमा हिँड्दा हामी फेरि पनि झन् बढी एकताबद्ध हुनेछौं ।

- **यत्रो अभियान गर्न लाग्नुभएको छ, पार्टीमा कुनै छलफल भएन ?**
गरिनँ, पार्टीमा छलफल त । अरू पार्टीबाट पनि धेरै साथीहरू आउनुभएको छ । उहाँहरूले पनि कसैलाई सोधेर वा अनुमति लिएर होइन । कसैको विरोध गरेर पनि होइन । यो एउटा छुट्टै अभियान हो । यसले पार्टीको विचार निर्माणमा सहयोग पुग्ने भएकाले थालनी गर्न लागेका हौं ।

- **यो अभियान मात्रै हो ? कतिले त पार्टी नै निर्माणको दिशा हो भन्दै छन् ?**
यस्तो जसले भनेका छन् । तिनीहरूलाई नै सोध्नुपर्छ । हामीलेचाहिँ एउटा समाजवादी जागरण अभियान देशव्यापी रूपमा सञ्चालन गर्ने भनेर थालनी गर्न लागेका हौं । यसमा सबै कम्युनिस्टलाई वैज्ञानिक समाजवाद, नेपाली विशेषताको समाजवादको दिशामा अगाडि बढाउने, त्यसका लागि हाम्रो वैचारिक कार्यदिशा, नीति, सिद्धान्त, लक्ष्य, रणनीति, कार्यनीति जस्ता कुरालाई प्रष्ट पार्दै जाने र त्यसका आधारमा सबैसँग एकता गर्ने हो । टाउको जोडेर, अंकमाल गरेर एकता होइन । नीति सिद्धान्त कार्यदिशाका आधारमा एकता गर्ने प्रक्रियालाई हामीले अगाडि बढाउने हो ।

- **प्रचण्ड माधवलाई तर्साउन र बार्गेनिङ गर्न खोज्नुभएको त होइन ?**
त्यो तुच्छ कुरा हो । त्यो उहाँहरूलाई नै थाहा होला । म त्यो धरातलको मान्छे पनि होइन । म एउटा वैचारिक र सैद्धान्तिक आधार भएको मान्छे हो । म सिद्धान्तनिष्ठ एकता र सिद्धान्तनिष्ठ अग्रगतिको पक्षधर हुँ । मैले कोही कसैसँग बार्गेनिङ गर्नुपर्ने, तर्सनु वा तर्साउनुपर्ने छैन । अर्को कुरा मैले नाफाघाटाको राजनीति गर्नुपर्ने पनि छैन । देश, जनता, राष्ट्र, पार्टी, जनता र समाजवादका लागि राजनीति गर्ने हुँ । त्यसमा म दृढ छु ।

- **तपाईंलाई यो अभियानमा कति सफल हुन्छु भन्ने लागेको छ ?**
यो प्रक्रियाको थालनी हो । हामीले एकताको बाटो के हो त भनेर देखाउने हाम्रो दायीत्व हो । सच्चा कम्युनिस्ट क्रान्तिकारीहरू स्वाभाविक रूपले यसमा एकतावद्ध हुनेछन् । जो नक्कली ढंगले लागेका छन्, आफ्नो स्वार्थका लागि लागेका छन्, श्रमिकवर्गको भनेर माथिल्ला तहका शोषक सामन्तको हितमा काम गरिरहेका छन्, तिनीहरूले विविध ढंगले यो आन्दोलनलाई बदनाम गर्न खोजेका छन् । मेरो प्रयत्नलाई पनि बदनाम गर्न खोजेका छन् । त्यसबाट म कत्ति पनि विचलिन हुने छैन ।

- **तपाईंले गर्न खोजेको अभियान पार्टीसँग मेल खाला ?**
कतिपय कुरामा मेल खाला कतिपय कुरामा नखाला । जुन कुरामा मेल खान्छ त्यसमा अगाडि बढ्दै जाला । जुन कुरामा मेल नखाला त्यसमा आलोचना, बहस, छलफल हुँदै जाला । हामीले भनेको नै कम्युनिस्ट पार्टीमा बहस, छलफल, वादप्रतिवाद हुँदै जानुपर्छ भन्ने हो ।

- **पार्टीमा कुरा मिलेन भने पार्टी भित्रै अन्तरसंघर्ष गर्ने कि बाटो फरक समात्ने ?**
पार्टीभित्र बहस र अन्तरसंघर्ष हुन्छ । यो कम्युनिस्ट पार्टीको चरित्र नै हो । त्यसलाई ठिक ढंगले विधि प्रकृयाअनुसार अन्तरसंघर्ष गरेर अगाडि बढाउने हो । त्यसरी सञ्चालन गर्दा पार्टी क्रान्तिकारी हुन्छ । क्रान्तिकारी विधानअनुसार सञ्चालन हुने पार्टीमा बहस विवाद सकारात्मक र फलदायी हन्छ । त्यसैले यसले पार्टीलाई हित गर्न र पार्टीले पनि सकारात्मक रूपमा लिन्छ भन्नेमा मलाई विश्वास छ । त्यसैले अहिले नै प्रश्न वा शंका गर्नु आवश्यक छैन ।

- **विभिन्न कम्युनिस्ट पार्टीमा रहेका असन्तुष्ट पंक्ति पनि यो अभियानमा सामेल छन् त ?**
हामीले अहिले सुरुआत गरेका हौं । कमरेड पुष्पलालले पनि ४ जना साथी लिएर पार्टी स्थापना गर्नुभएको थियो । कत्रो पार्टी बन्ला भनेर त्यतिबेला अनुमान थिएन । तर, राष्ट्रिय स्वतन्त्रता र मुक्तिको दिशामा एकदिन पुगिन्छ भन्ने आशा थियो । त्यही हिसाबले हामीले नेकपा बनाएको पनि हो । १० लाख पार्टी सदस्य भएको अवस्थामा पनि थियौं । त्यति बेला नेतृत्वले ठिक ढंगले पार्टी चलाउन सकेन । अहिले हामीले गरेको सुरुआतले राम्रो परिणाम जन्माउने कुरामा विश्वस्त छौं । यसमा हाम्रो नियत असल छ । असल नियतले सुरु गरेको कुराले परिणाम पनि असल दिनेछ ।

- **छिन्नभिन्न रहेका कम्युनिस्ट पार्टी र तपाईं नेता रहेको नेकपा बीचमा यो अभियानले मियोको काम गर्ला ?**
म त आशा गर्छु । एमालेभित्र पनि एउटा वैचारिक बहसले बिस्तारै गति लिनेछ । हाम्रो नेकपाभित्र पनि वैचारिक बहसले गति लिन्छ । अरू कैयन् कम्युनिस्ट समूह पनि छन् । उनीहरू भित्र बहसले गति लिनेछ । ती सबै बहस हुँदै हामी रूपान्तरणको दिशामा अहिलेको अवस्था भन्दा बलिस्ट भएर आगाडि बढ्ने छौं ।

- **त्यतिबेला अहिलेको नेकपा कि अरू कुनै ?**
अहिलेको अवस्थामा भन्दा नेकपा नै हो । अब अवस्था कसरी विकास हुन्छ । पार्टीमा हुने वैचारिक बहसलाई फरक ढंगले बुझ्न हुन्न । अहिले अरू पार्टीको कल्पना छैन ।

- **कम्युनिस्ट पार्टीमा वैचारिक सैद्धान्तिक छलफल र आलोचना आत्मआलोचना गौण भइरहेको बेला तपाईंको यो अभियानले पार्टीलाई बलियो बनाउने आधार के ?**
नेपाली समाज भनेको उद्गमदेखि नै निरन्तर बहस, छलफल, विश्लेषण, संश्लेशण हुँदै आएको समाज हो । जतिबेला वैदिक सभ्यता थियो । त्यतिबेला पनि बहस हुन्थे । किराँत कालदेखि पनि विभिन्न बहसशाला थिए । त्यतिबेला पनि पर्याप्त बहस हुन्थे । लिच्छिबी, मल्लकाल हुँदै आउँदा पनि बहस हुन्थे । पछिल्लो समय पनि नेपाली समाजमा पञ्च भलाद्मी बस्ने कचहरी गर्ने हुन्थे । अहिले त कम्युनिस्ट आन्दोलन सचेत रूपले सञ्चालित आधुनिक आन्दोलन हो ।


## Barju Rural Municipality
### Office Of Rural Municipality Executive
**Amahibela, Sunsari**

**Tender Notice**

**Contract Identification :- BRM/SUNSARI/G/SQ-1/2083/2084**
**1st Date Of Publication :- 2026-10-05**

1. The Barju Rural Muncipality invites Sealed Quotation Hard Copy bids from Nepalese eligible bidders for the procurement of Office Goods Item under procedures specified in public procurement act and regulation.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Barju Rural Muncipality Tel: 9852070715, Email: barjugaupalika@gmail.com, Website: www.barjumun.gov.np
3. A complete set of Bidding Documents may be purchased from the Barju Rural Muncipality, Amahiwelha, Sunsari, by eligible Bidders on the submission of a written application, along with a copy of the company/firm registration certificate, and upon payment of a non-refundable fee of NPR 1000.00 till 2026-10-12 during office hours in the account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

| | |
|---|---|
| **Name of Bank :-** | NIC Asia Bank Ltd. |
| **Name of the Office :-** | Barju Rural Municipality |
| **Office Code No :-** | 1125410 |
| **Account no :-** | 2432050027873004 |
| **Rajaswa (revenue) Shirshak no. :-** | 14229 |

4. Purchased bids must be submitted to the Barju Rural Muncipality, Amahiwelha, Sunsari before 12:00 (Noon) on 2026-10-13. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders representatives who choose to attend at 2.00 PM on 2026-10-13 at the office of Barju Rural Muncipality, Amahiwelha, Sunsari. Bids must be valid for a period of 45 Days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NPR 43,500.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e.2026-12-27)
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



## Invitation for Bids

***Letang Municipality, Morang***
**Invitation for Bids No: LM/MOR/NCB/W/2083-84/01**
**Date of publication: 2026/10/06**

1. ***Letang Municipality, Morang*** invites sealed bids from eligible bidders for the construction of ***Construction of Administrative Office Building*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***enter NRs. 69948000.00***
   - Minimum Work experience of similar size and nature:
   I. At least **1 similar completed project** with a minimum contract value of **NRs.** 41969000.00, **or**
   II. **2 similar completed project** with a minimum contract value of **NRs. 27979000.00 for Each**, depending on the applicable SBD/qualification requirement.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
Or
Bidder who chooses to submit their bid Through Hard Copy, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of
***Name: Letang Municipality, Morang***
***Location: Letang -3, Morang***
***mailing address: ito.letangmun@gmail.com***
***telephone: 021-560334, 021-560554***
***facsimile numbers:***
***email address: ito.letangmun@gmail.com***
or may visit Letang Municipality system https://letangmun.gov.np/
4. A complete set of Bidding Documents may be purchased from the office ***letang Municipality, Morang, Koshi Province*** and the office ***letang Municipality, Morang, Koshi Province*** by eligible Bidders on the submission of a Hard Copy application, along with the *copy of company/firm registration certificate*, and upon payment of a non-refundable fee of ***10000.00*** till ***2026/10/27*** in the account as specified below.
**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Rastriya Banijya Bank Ltd.
Name of Office Letang Municipality, Morang
Office Code no. : 305041301
Account no.: 2450100301010002 ((Letang Na. PA. (Ga- 1.1) Aantarik rajs)
Rajaswa (revenue) Shirshak no. : 14529
5. Pre-bid meeting shall be held at ***letang Municipality, Morang, Koshi Province*** at ***2026/10/16, 13:00 hours.***
6. Sealed bids must be submitted to the office ***letang Municipality, Morang, Koshi Province*** by hand/courier or before ***2026/10/27*** on ***12:00 hours*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2026/10/27, 13:00 hours*** at the office of ***Letang Municipality, Morang*** Bids must be valid for a period of 9***0 days*** *from* the bid submission deadline and must be accompanied by a bid security, amounting to a minimum of ***NRs: 2,300,000.00 (2 to 3 % of estimated amount without VAT and Contingencies but including PS)]***, which shall be valid for 30 days beyond the validity period of the bid.
**Information to deposit the cost of Bid Security in Bank:**
Bank Name: Rastriya Banijya Bank Ltd.
Bank Address: Letang, Morang
Account Name:Letang Na.Pa.(Ga-3 )-Dharauti Accoun
Account Number:2450100303000002
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# प्रकाशबाट मस्तिष्कका स्नायु कोष नियन्त्रण गर्ने खोजलाई नोबेल पुरस्कार

■ एजेन्सी

स्टकहोम । मस्तिष्कभित्रका स्नायु कोषलाई प्रकाशको माध्यमबाट सक्रिय वा निष्क्रिय बनाउन सकिने प्रविधिको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका तीन वैज्ञानिकलाई यस वर्षको नोबेल चिकित्सा पुरस्कार प्रदान गरिने भएको छ ।

अमेरिकी वैज्ञानिक कार्ल डाइसरोथ तथा जर्मन वैज्ञानिक पिटर हेगेमान र जर्ज नागेललाई 'अप्टोजेनेटिक्स' क्षेत्रमा गरेको अनुसन्धानका लागि सोमबार नोबेल चिकित्सा पुरस्कार घोषणा गरिएको हो । डाइसरोथ ५४ वर्ष, हेगेमान ७१ वर्ष र नागेल ७३ वर्षका छन् ।

नोबेल पुरस्कार छनोट समितिका अनुसार तीन वैज्ञानिकको अनुसन्धानले प्रकाशको सहायताले स्नायु कोष तथा मस्तिष्कका सर्किटलाई नियन्त्रित गने नयाँ बाटो खोल्नुका साथै मस्तिष्कको कार्यप्रणाली र त्यससँग सम्बन्धित रोगबारे अध्ययनलाई थप प्रभावकारी बनाएको छ ।

अप्टोजेनेटिक्स प्रविधिमा प्रकाशबाट नियन्त्रित हुने विशेष प्रोटिनलाई स्नायु कोषमा प्रयोग गरिन्छ । यसमार्फत वैज्ञानिकले आफूले चाहेको समयमा निश्चित स्नायु कोषलाई सक्रिय वा निष्क्रिय पार्न सक्छन् । समितिले यस प्रविधिलाई स्नायु विज्ञानमा नयाँ युगको सुरुआतका रूपमा व्याख्या गरेको छ ।

यस अनुसन्धानको आधार हरियो शैवाल(लेउ जस्तै सुक्ष्मजीव)सम्बन्धी अध्ययनबाट विकसित भएको थियो । हेगेमानले एकल कोषीय हरियो शैवालले प्रकाशको दिशातर्फ कसरी पौडिन सक्छ भन्ने अध्ययन गर्ने क्रममा प्रकाशप्रति प्रतिक्रिया जनाउने विशेष प्रोटिन पत्ता लगाएका थिए । नागेलसँगको



सहकार्यमा उक्त प्रोटिनले नीलो प्रकाश पर्दा च्यानल खोल्ने र कोषमा विद्युतीय आवेग उत्पन्न गर्ने तथ्य पहिचान गरिएको थियो ।

त्यसपछि डाइसरोथले यही अवधारणालाई स्नायु विज्ञानमा प्रयोग गर्दै जीवित मुसाको मस्तिष्कमा प्रकाशका माध्यमबाट स्नायु कोष नियन्त्रण गर्ने विधि विकास गर्नुभयो । यसले मस्तिष्कका निश्चित कोष र तिनको सर्किटले व्यवहार तथा विभिन्न जैविक प्रक्रियामा पार्ने प्रभाव प्रत्यक्ष रूपमा अध्ययन गर्न वैज्ञानिकलाई सहज बनाएको हो ।

नोबेल चिकित्सा पुरस्कार समितिका सचिव थोमस पर्लम्यानले तीनै जना विजेतासँग सोमबार फोनमार्फत सम्पर्क गरी पुरस्कारबारे जानकारी गराइएको बताए ।

डाइसरोथ अमेरिकाको स्ट्यानफोर्ड विश्वविद्यालयमा कार्यरत छन् भने हेगेमान बर्लिनस्थित हम्बोल्ट विश्वविद्यालय र नागेल वुर्जबर्ग विश्वविद्यालयमा आबद्ध छन् ।

स्टकहोमस्थित कारोलिन्स्का इन्स्टिच्युटमा चिकित्सा पुरस्कार घोषणासँगै यस वर्षको नोबेल सप्ताह सुरु भएको छ । पुरस्कारको राशि एक करोड २० लाख स्वीडिस क्रोना अर्थात् करिब १२ लाख अमेरिकी डलर रहेको छ ।

चिकित्सा पुरस्कारपछि मंगलबार भौतिकशास्त्र, बुधबार रसायनशास्त्र र बिहीबार साहित्यतर्फको नोबेल पुरस्कार घोषणा हुनेछ । शुक्रबार शान्ति पुरस्कार घोषणा गरिनेछ भने अक्टोबर १२ मा नोबेल स्मृति आर्थिक विज्ञान पुरस्कार घोषणा गरिने कार्यक्रम छ ।

गत वर्षको नोबेल चिकित्सा पुरस्कार प्रतिरक्षा प्रणालीसम्बन्धी अनुसन्धानमा योगदान पुऱ्याएका तीन वैज्ञानिकलाई प्रदान गरिएको थियो ।

## कांग्रेस बदल्ने...

त्यस्तै, गर्ने १५ काममा नेतृत्वलाई बलियो बनाउने, पदभन्दा जिम्मेवारीलाई प्राथमिकता दिने, दृष्टिकोण, योजना, व्यक्तित्व र विचारका आधारमा आन्तरिक प्रतिस्पर्धा गर्ने संस्कृतिको विकास गर्ने भनिएको छ ।

'३ दिन पार्टीका लागि, ४ दिन रोटीका लागि' भन्ने मान्यतासाथ पार्टीका हरेक सदस्यलाई आयआर्जनसँग जोडिन प्रेरित गर्ने, उम्मेदवार छनोटका मापदण्ड 'इलेक्सन ब्युरो'मार्फत सार्वजनिक गर्ने संकल्प गरिएको छ ।

त्यसैगरी, चुनावी घोषणापत्रलाई जनप्रतिनिधिको कार्यसम्पादनसँग जोड्ने, निर्वाचित प्रतिनिधिको नियमित सार्वजनिक प्रतिवेदनको संस्कृति बसाउने, जातीय विभेदलगायत सामाजिक विसंगतिमा संलग्नको पार्टी सदस्यता तत्काल खारेज गर्ने, सरकारमा रहँदा कुनै पनि राजनीतिक नियुक्ति गर्दा स्वमूल्यांकन घोषणा पद्दति अनिवार्य लागू गर्ने संकल्प छ ।

सामाजिक सञ्जालमा सक्रिय पार्टी सदस्यलाई संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रताको सीमालाई असर नगर्ने गरी एक निश्चित आचारसंहिताको स्वघोषणाका लागि प्रेरित गर्ने, देशभरका पार्टी कार्यालयलाई नागरिक संवाद केन्द्र बनाउने, सार्वजनिक पद र निजी व्यावसायिक स्वार्थबीच उत्पन्न हुन सक्ने द्वन्द्व व्यवस्थापनका लागि स्पष्ट कानुनी संरचना निर्माणको पहल गर्ने भनिएको छ ।

पार्टीको सदस्य सार्वजनिक संस्थाको नेतृत्वमा पुगे पार्टीहितभन्दा संस्थाहितमा समर्पित हुन प्रेरित गर्ने, ३५ वर्षमुनिका जागरुक युवालाई स्वस्थ लोकतान्त्रिक संस्कृतिको अभियन्ताका रूपमा विकास गर्दै नागरिकको विश्वासलाई राजनीतिक सफलताको प्रमुख मापदण्ड बनाउने पनि उल्लेख गरेको छ ।

### मनोनयन दर्ता आज, मतदान पर्सि

कांग्रेसको निर्वाचन कार्यतालिकाअनुसार आज मंगलबार उम्मेदवारी दर्ता हुँदै छ । बिहान १० बजेदेखि ३ बजेसम्म उम्मेदवारी दर्ता गर्ने समय दिइएको छ । उम्मेदवारको अन्तिम नामावली प्रकाशन भोलि (बुधबार) बिहान १० बजे गर्ने कार्यक्रम छ भने (पर्सि) बिहीबार बिहान ७ बजेदेखि ५ बजेसम्म मतदान हुने भएको छ ।

## मनसुन सकिने...

मनसुन नबाहिरिँदा पनि पनि अहिलेको मौसम धुम्मिने र पानी पर्ने भइरहेको छ ।' उनले पश्चिमी न्यूनचापीय प्रणालीको असर रहेकाले केही दिन बर्सात् हुने सम्भावना रहेको जानकारी दिइन् । उनका अनुसार पहाड र तराईका केही भागमा मंगलबार र बुधबार वर्षाको सम्भावना छ ।

कर्णाली, सुदूरपश्चिम, लुम्बिनी प्रदेशको पश्चिमी भूभाग र गण्डकी प्रदेशको थोरै भागबाट मनसुन बाहिरिएको मौसमविद् महर्जनले बताइन् । महर्जनले बाँकी भूभागमा मनसुनको असर अझै केही दिन बाँकी रहने तथा काठमाडौँ उपत्यकामा मंगलबार बादल लाग्ने र वर्षा हुने सम्भावना रहेको जानकारी दिइन् ।

'आउने ३ दिन न्यूनचापीय प्रणालीका साथै मनसुनी प्रभावले काठमाडौँमा बादल लाग्ने र वर्षा हुने देखिन्छ,' उनले भनिन् । उनका अनुसार सोमबार दिउँसो देशभर बादल लागेको र कोसी, बाग्मतीका केही स्थान र लुम्बिनी प्रदेशको पूर्वी भूभागमा वर्षा भएको छ । कोसीको इलामका केही स्थानमा भने भारी वर्षा भएको उनले बताइन् ।

जल तथा मौसम विज्ञान विभागका अनुसार मंगलबार दिउँसो बाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका साथै कोसी प्रदेशको पहाडी र हिमाली भूभाग तथा कर्णाली प्रदेशको पहाडी भूभागमा साधारणतया बादल लाग्नेछ । मधेस प्रदेश, कोसी प्रदेशको तराई भूभाग, कर्णाली प्रदेशको हिमाली भूभागमा आंशिक बादल लाग्नेछ ।

मंगलबार कोसी, बाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको हिमाली भूभागको थोरै स्थानमा मध्यमसम्मको तथा कर्णाली प्रदेशको हिमाली भूभागका एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना छ । देशको पहाडी र तराई भूभागका थोरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना छ ।

यसैगरी, बुधबार पनि बाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका साथै कोसी र कर्णाली प्रदेशको पहाडी भूभागमा बादल लाग्ने विभागले जनाएको छ । महाशाखाका अनुसार मधेस र कोसी प्रदेशको तराई भूभागमा आंशिक बादल लाग्नेछ ।

## दसैं आइसक्यो...

सामान्य अवस्थामा काठमाडौँ उपत्यकाको औसत माग दैनिक ३५ देखि ४० हजार सिलिन्डर हो ।

नेपाल एलपी ग्यास उद्योग संघका अध्यक्ष दिवानबहादुर चन्दले ग्यासको आपूर्ति विस्तारै सहज हुँदै जाने बताए । उनले भने, 'पहिलेको तुलनामा ग्यासको अभाव धेरै कम भइसकेको छ । आपूर्ति पूर्ण रूपमा सहज हुन अझै केही समय लाग्छ ।' काठमाडौँ उपत्यकाबाहेक अन्य स्थानमा भने अवस्था सामान्य भइसकेको चन्दले जानकारी दिए । उनले भने, 'भारतीय नाका वा बोटलिङमा कुनै ठुलो समस्या छैन । भारतबाट ग्यासको नियमित आपूर्ति जारी छ ।' दैनिक परिमाण अलिकति घट्नेबित्तिकै बजारमा अस्वाभाविक आतंक सिर्जना गर्ने गरिएको उनले बताए ।

चन्दले सामान्य अवस्थामा नेपालभरिका लागि दैनिक ८० देखि १०० बुलेट ग्यास पर्याप्त हुनेमा हाल दैनिक औसत १२५ देखि १३० बुलेट (बढीमा १५३ बुलेटसम्म) आयात भइरहेको हुनाले यसले अभावलाई बिस्तारै घटाउँदै लैजाने बताए ।

गत वर्ष २९ फागुनमा सुरु गरिएको ७.१ किलो (आधा) ग्यास भएको सिलिन्डर बिक्री गर्ने प्रावधान ४ महिनासम्म राख्दा ग्यासमा समस्या निम्तिएको ग्यास बिक्रेताहरूको भनाइ छ । भरी सिलिन्डर ग्यास बजारमा पठाउने निर्णय गर्नुअघि नियमितभन्दा बढी आयातको प्रबन्ध मिलाउने र वितरण प्रणाली चुस्त पार्ने काममा आयल निगम चुक्दा आपूर्ति सहज हुन नसकेको उद्योगीको आरोप छ ।

## लुम्बिनी विकास...

योजना प्रमुखमा ११२, उपाध्यक्षमा १०४ र कोषाध्यक्ष पदमा ८६ जनाले आवेदन दिएका छन् । बाँकी आवेदन कार्यकारी सदस्य तथा परिषद् सदस्य पदका लागि परेको हो । १२ पदका लागि परेको आवेदन संख्या स्वीकृत पद संख्याको तुलनामा ६० गुणाभन्दा बढी हो ।

यस पटकको आवेदन प्रक्रियालाई लुम्बिनी विकास कोषको पदाधिकारी छनोटमा पहिलो पटक देखिएको खुला प्रतिस्पर्धाको अभ्यासका रूपमा समेत हेरिएको छ । आवेदकले आफ्नो बायोडाटा मन्त्रालयको क्युआर प्रणालीमार्फत अपलोड गरेका थिए र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले आवेदकहरूको रोस्टरसमेत सार्वजनिक गरेको थियो ।  तर, खुला प्रतिस्पर्धाबाट आवेदन मागिए पनि पदाधिकारी नियुक्तिको अन्तिम निर्णयमा ढिलाइ भएपछि प्रक्रिया पारदर्शी हुनेमा आशंका व्यक्त गर्न थालिएको छ ।

अर्कातर्फ, आवेदन दिएका उम्मेदवारसँगै आवेदन नदिएका पूर्वपदाधिकारीसमेत पुनः नियुक्तिका लागि राजनीतिक तथा व्यक्तिगत पहुँच प्रयोग गरेर सक्रिय रहेको आरोप सार्वजनिक भएको छ । पुराना ल्याउन स्वयं सत्तारूढ दलका केही सांसदसमेत सक्रिय रहेको स्रोतको दाबी छ । यसले खुला प्रतिस्पर्धाबाट आवेदन मागिएको प्रक्रिया र अन्तिम नियुक्तिबीचको सम्बन्धबारे गम्भीर प्रश्न उठाएको छ ।

२०८३ वैशाख २९ मा मन्त्रालयले लुम्बिनी विकास कोष पदाधिकारीसम्बन्धी विनियमावली, २०५८ मा तेस्रो संशोधनसमेत गरिसकेको छ । संशोधन गरेर पदाधिकारी छनोटका लागि आवश्यक कानुनी तथा प्रशासनिक आधार तयार पारिएको हो ।

पदाधिकारी नियुक्ति नहुँदा कोष अहिले कर्मचारी संयन्त्रबाट सञ्चालन भइरहेको छ । कोषको आधिकारिक वेबसाइटमा वरिष्ठ निर्देशक ज्ञानिन राई, वरिष्ठ प्रशासनिक अधिकृत तथा सूचना अधिकारी चुडामणि भट्टराईलगायत कर्मचारी कार्यरत रहेको विवरण सार्वजनिक छ ।

लुम्बिनी विकास कोषको जिम्मेवारी लुम्बिनीको संरक्षण र विकासमा मात्र सीमित नभई बुद्धको अस्तुधातु रहेको भनिएको रामग्राम, मावली देवदह तथा कपिलवस्तुको तिलौराकोट, कुदान, निग्लिहवा, सगरहवा, गोटिहवालगायत बुद्धसँग सम्बन्धित पुरातात्त्विक क्षेत्रहरूको संरक्षण तथा विकाससँग पनि जोडिएको छ ।

### सरोकारवालाको आपत्ति

लुम्बिनी बचाउ महाअभियानका संयोजक अकरम खाँले पदाधिकारी नियुक्तिमा भइरहेको ढिलाइलाई सामान्य प्रशासनिक विषयका रूपमा लिन नहुने बताएका छन् । उनका अनुसार लुम्बिनीको नेतृत्व गर्ने व्यक्ति योग्यता, अनुभव, अन्तर्राष्ट्रिय दृष्टिकोण र लुम्बिनीप्रतिको प्रतिबद्धताका आधारमा चयन हुनुपर्छ । विगतमा राजनीतिक भागबन्डाबाट भएका नियुक्तिका कारण विवाद सिर्जना भएको उल्लेख गर्दै संयोजक खाँले यस पटक भने नेपाल सरकारले पारदर्शी एवं विश्वासिलो प्रक्रिया अपनाउनुपर्नेमा जोड दिएका छन् ।

महाअभियानका सल्लाहकार एवं अधिवक्ता सुदर्शन प्रधानले लामो समयसम्म नेतृत्व रिक्त रहनु आफैँमा प्रशासनिक असफलताको संकेत भएको बताए । कर्मचारीले दैनिक प्रशासनिक काम सञ्चालन गर्न सक्ने भएपनि दीर्घकालीन महत्वको नीतिगत निर्णय, स्थायी नेतृत्वबिना प्रभावकारी हुन नसक्ने उनले बताए ।

अधिकारकर्मी लक्ष्मी थारूले लुम्बिनीको विकासलाई केवल भौतिक पूर्वाधार निर्माणसँग जोडेर हेर्न नहुने बताएकी छिन् । उनका अनुसार लुम्बिनीको विकास स्थानीय समुदायको अधिकार र सहभागितासँग पनि जोडिएको विषय हो । लुम्बिनीको संरक्षण तथा विकाससम्बन्धी निर्णय प्रक्रियामा स्थानीय समुदाय तथा आसपासका बासिन्दाहरूको सहभागिता सुनिश्चितगर्न सक्ने नेतृत्व आवश्यक रहेको उनको धारणा छ ।

धर्म यात्रा अभियानका संयोजक अनिल तिवारीले लुम्बिनीलाई धार्मिक तथा आध्यात्मिक केन्द्रका रूपमा विकास गर्न सक्षम र दूरदर्शी नेतृत्व आवश्यक रहेको बताएका छन् । विश्वभरबाट लुम्बिनी आउने बौद्ध तीर्थयात्री तथा पर्यटकका लागि यसको विश्वसनीयता कायम राख्न दीर्घकालीन योजना, अन्तर्राष्ट्रिय समन्वय तथा बौद्ध सम्पदास्थलको संरक्षणमा स्पष्ट दृष्टिकोण भएको नेतृत्व आवश्यक रहेको उनको भनाइ छ ।

पर्यटन व्यवसायी दिलीप बनियाले कोषमा नेतृत्व रिक्त हुँदा पर्यटन क्षेत्रसमेत प्रभावित भइरहेको बताए । उनका अनुसार लुम्बिनीमा होटल, यातायात, पर्यटक गाइड तथा धार्मिक पर्यटनसँग सम्बन्धित व्यवसायीले स्पष्ट नीति र निर्णयको अपेक्षा गरिरहेका छन् । अन्तर्राष्ट्रिय प्रचार-प्रसार, पर्यटन प्रवर्द्धन, कार्यक्रम तथा लगानीसँग सम्बन्धित निर्णयमा ढिलाइ हुँदा त्यसको प्रत्यक्ष असर पर्यटन व्यवसायमा पर्ने उनको भनाइ छ ।

लुम्बिनी सांस्कृतिक नगरपालिकाका कार्यपालिका सदस्य हुसेनी लोधले लुम्बिनी विकास कोष र स्थानीय सरकारबीचको समन्वयलाई थप प्रभावकारी बनाउन स्थायी नेतृत्व आवश्यक रहेको बताए । लुम्बिनीको विकास स्थानीय तहसँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएकाले लुम्बिनी विकास कोषका महत्वपूर्ण निर्णय प्रक्रियामा स्थानीय सरकारको भूमिका तथा समन्वयलाई थप बलियो बनाउनुपर्ने उनको धारणा छ ।


## गौरीगङ्गा नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
चौमाला, कैलाली

**शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना मिति प्रकाशित : २०८३/०६/१९)

यस कार्यालयको मिति २०८३/०६/०५मा प्रकाशित सूचना अनुसार पर्न आएका शिलबन्दी दरभाउपत्रहरु मध्ये देहायका शिलबन्दी दरभाउपत्रहरु न्यूनतम मूल्यांकित भई सारभुत रुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| सि. नं. | बोलपत्र नं. | कामको विवरण | शिलबन्दी दरभाउपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. (VAT सहित) |
|---|---|---|---|---|
| १. | GGM/WORKS/SQ/02/2083/084 | Supplying and Laying Works of Interlock Pavers Strength M35 or above (NS Standard) Blended Colors at Chaumala Multiple Campus | एम.टि.के. कन्स्ट्रक्सन धनगढी-१७, कैलाली | रु.७,२१,१६३.००/- (सात लाख एक्काइस हजार एक सय त्रिसट्ठी रुपैयाँ मात्र ।) |
| २. | GGM/WORKS/SQ/04/2083/084 | Durga Pravi School Boundary wall Construction works at ward 8 Gauriganga | एम.टि.के. कन्स्ट्रक्सन धनगढी-१७, कैलाली | रु. ५,६८,०१७.३४/- (पाँच लाख अठसट्ठी हजार सत्र रुपैयाँ चौंतीस पैसा मात्र ।) |
| ३. | GGM/WORKS/SQ/05/2083/084 | Paharam Bhulko Ghar dekhi Udasi Jane Sadak ma Culvert Nirman Ra Pashupati Ma.Vi. Pachhadi Chanaura Kulo ma Culvert Nirman Gauriganga-1, Kailali | जी.बी. निर्माण सेवा, गोदावरी-०३, कैलाली | रु.१२,०९,०९३.७३/- (बाह्र लाख नौ हजार त्रियानब्बे रुपैयाँ त्रिहत्तर पैसा मात्र ।) |
| ४. | GGM/WORKS/SQ/06/2083/084 | Boundary wall Construction Works at Ward 5 Gauriganga Municipality | न्यु कुमारी कन्स्ट्रक्सन घोडाघोडी, कैलाली | रु. १३,१९,६७२.५९ /- (तेह्र लाख उन्नाइस हजार छ सय बहत्तर रुपैयाँ उनान्साठी पैसा मात्र ।) |

**बोद्धार्थः**
श्री सम्पूर्ण शिलबन्दी दरभाउपत्र दाखिला गर्ने दरभाउपत्रदाताहरु : जानकारीका लागि ।

**प्रमुख प्रशासकीय अधिकृत**



## Koshi Provincial Government
### Ministry of Water Supply, Irrigation and Energy
## Water supply and Sanitation Division Office
Itahari, Sunsari

**Invitation for Bids**

**Date of first Publication: 2083-06-20 (6th Oct, 2026)**

Water Supply and Sanitation Division office, Sunsari invites sealed(hard copy) bids from eligible bidders for following works :

| S.N | Contract Identification No. | Description and Location of Work | Estimated Amount (Without VAT and P.S.) | Bid Security Amount (NRs.) | Fee for Bid | Last Bid Submission date |
|---|---|---|---|---|---|---|
| 1 | wssdo/sunsari/Goods/HDPE/01-083/84 | Procurement of HDPE Pipe for Different Water Supply Project at Sunsari and Morang District | | 350000 | 3000 | Oct 27,2026 at 12:00 Noon |
| 2 | wssdo/sunsari/panchayan/oht/02-083/84 | Construction of 225 cum OHT for Panchayan Water Supply Project,Ramdhuni-7 Sunsari | 1,02,68,886 | 300000 | 3000 | Oct 27,2026 at 12:00 Noon |
| 3 | wssdo/sunsari/ullupattu/treatmentplant/03-083/84 | Supply, Delivery and Installation of Water Treatment Plant at Ullupatu Water Supply Project | 41,14,477 | 120000 | 3000 | Oct 27,2026 at 12:00 Noon |
| 4 | wssdo/sunsari/ullupattu/HDPE/04-083/84 | Procurement of HDPE Pipe for Ullupatu Water Supply Project | | 245000 | 3000 | Oct 27,2026 at 12:00 Noon |

Eligible bidders can obtain further information from WSSDO, Itahari, Sunsari during office Hour for complete set of bidding documents. Tel.:9852040374, Email:wssdo.sunsari@gmail.com

**Division Chief**

नेपाली कांग्रेस महाधिवेशन

# आर्थिक खाका प्रस्तुत




■ सौर्य समाचार

काठमाडौं। नेपाली कांग्रेसको जारी १५औं महाधिवेशनमा पार्टीको आर्थिक खाका प्रस्तुत गरिएको छ।

कांग्रेस सभापति गगनकुमार थापाले १५औं महाधिवेशनमा प्रस्तुत गरेको 'राष्ट्रिय पुनर्जागरण र समुन्नति' राजनीतिक प्रस्तावमा युवा पलायन, कमजोर उत्पादकत्व र आयातनिर्भरतालाई नेपालको अर्थतन्त्रका प्रमुख चुनौतीका रूपमा औंल्याउँदै आर्थिक विकासको ढाँचा परिवर्तन गर्नुपर्ने प्रस्ताव गरिएको छ। प्रस्तावमा निजी क्षेत्रमैत्री, उत्पादनमुखी र सामाजिक न्यायमा आधारित तीनखम्बे अर्थतन्त्रको अवधारणा अघि सारिएको छ।

विदेशमा अवसर खोज्दै हातमा पासपोर्ट बोकेर हिँडिरहेको युवालाई स्वदेशमै अवसर सिर्जना गर्ने उद्यमी बनाउने लक्ष्यसहित नेपाली कांग्रेसले आर्थिक नीतिको प्राथमिकता परिवर्तन गर्ने प्रस्ताव अघि सारेको छ। आयातमा निर्भर उपभोगमुखी अर्थतन्त्रलाई आन्तरिक उत्पादन, उद्यम र रोजगारीमा आधारित बनाउने उसको आर्थिक कार्यदिशा छ।

कांग्रेसले आर्थिक विकासको सफलता केवल कुल गार्हस्थ्य उत्पादनको वृद्धिदरले मापन गर्न नहुने धारणा राखेको छ। नागरिकको जीवनस्तरमा आएको सुधार, मर्यादित रोजगारीको सिर्जना, आर्थिक अवसरको विस्तार र नागरिकको क्षमता विकासलाई समुन्नतिको मुख्य सूचकका रूपमा लिनुपर्ने प्रस्तावमा उल्लेख छ।

युवालाई श्रमशक्ति होइन, सम्पत्ति सिर्जनाको साझेदार

कांग्रेसको प्रस्तावमा युवालाई वैदेशिक रोजगारीका लागि विदेशिने श्रमशक्तिका रूपमा मात्र हेर्ने परम्परागत दृष्टिकोण परिवर्तन गर्नुपर्नेमा जोड दिइएको छ। युवालाई नवप्रवर्तन, उद्यमशीलता र सम्पत्ति सिर्जनाको साझेदार बनाउने नीति अघि सारिएको छ। बिपी कोइरालाको समयको 'हलो जोतिरहेको किसान'को प्रतीकलाई अहिले 'हातमा पासपोर्ट बोकेर अवसर खोजिरहेको युवा'सँग जोड्दै कांग्रेसले बदलिएको नेपाली समाज र अर्थतन्त्रअनुसार आर्थिक नीतिको प्राथमिकता पुनःनिर्धारण गर्नुपर्ने जनाएको छ।

युवालाई देशमै रोक्न राज्यले प्रत्यक्ष रोजगारी बाँड्नेभन्दा उनीहरूको क्षमता, सीप, सिर्जनशीलता र पुँजी परिचालन गर्न सक्ने वातावरण निर्माण गर्नुपर्ने प्रस्तावको सार छ। शिक्षा, स्वास्थ्य, सीप र उद्यमशीलताको विकासमार्फत नागरिकलाई श्रम र पुँजीको मालिक बनाउने नीति दस्तावेजमा अघि सारिएको छ।

**आयात होइन, आन्तरिक उत्पादनमा जोड**

कांग्रेसले नेपालको अर्थतन्त्रलाई आयातमा निर्भर उपभोगमुखी संरचनाबाट उत्पादन र रोजगारी सिर्जना गर्ने दिशामा लैजाने प्रस्ताव गरेको छ। आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धि गरी उच्च, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएको छ।

यसका लागि निजी क्षेत्रलाई आर्थिक समृद्धिको प्रमुख संवाहकका रूपमा अघि सार्दै लगानी र व्यवसाय विस्तारका लागि नीतिगत स्थिरता, स्वस्थ प्रतिस्पर्धा र लगानीमैत्री वातावरण निर्माण गर्ने प्रस्ताव गरिएको छ। राज्यको भूमिका प्रत्यक्ष व्यापार वा व्यवसाय सञ्चालन गर्नेभन्दा प्रभावकारी नियमन, आधुनिक पूर्वाधार, गुणस्तरीय सार्वजनिक सेवा र समान अवसर सुनिश्चित गर्न केन्द्रित हुनुपर्ने कांग्रेसको धारणा छ। प्रस्तावले बजार र राज्यको भूमिकालाई परस्परपूरक रूपमा अघि बढाउने नीति लिएको छ। निजी क्षेत्रले उत्पादन, लगानी, रोजगारी र सम्पत्ति सिर्जनामा नेतृत्व गर्ने तथा राज्यले नियमन, अवसरको समानता र सामाजिक न्याय सुनिश्चित गर्ने अवधारणा अघि सारिएको छ।

**तीन आधारमा अर्थतन्त्र**

कांग्रेसले आफ्नो आर्थिक मार्गचित्रलाई उदार, उत्पादनमुखी र न्यायमूलक अर्थतन्त्रका तीन आधारमा अघि सारेको छ। उदार अर्थतन्त्रमार्फत निजी क्षेत्र र लगानीलाई प्रोत्साहन गर्ने, उत्पादनमुखी अर्थतन्त्रमार्फत आन्तरिक उत्पादन तथा रोजगारी बढाउने र न्यायमूलक अर्थतन्त्रमार्फत आर्थिक अवसरबाट पछाडि परेका समुदायलाई उत्पादन तथा सम्पत्ति सिर्जनामा जोड्ने प्रस्ताव छ।

यसले वैदेशिक रोजगारीबाट आउने विप्रेषण र आयातमा आधारित आर्थिक संरचनाभन्दा देशभित्रै उत्पादन, उद्यम र रोजगारी विस्तार गर्ने दिशालाई प्राथमिकता दिएको देखिन्छ।

**आर्थिक नीतिको केन्द्रमा नागरिकको क्षमता**

कांग्रेसले समुन्नतिलाई आर्थिक वृद्धिको तथ्यांकमा मात्र सीमित नगरी नागरिकको क्षमता, अवसरमा पहुँच र सहनिर्माणसँग जोडेको छ। शिक्षा, स्वास्थ्य, पोषण, सीप तथा उद्यमशीलतामा लगानी बढाएर नागरिकलाई आर्थिक रूपमा सक्षम बनाउने प्रस्ताव गरिएको छ।

प्रस्तावमा निजी क्षेत्र, नागरिक, समुदाय, सहकारी, विश्वविद्यालय र विज्ञबीचको सहकार्यबाट विकासलाई अघि बढाउने अवधारणा पनि समेटिएको छ। यसरी राज्य एक्लैले सबै काम गर्नेभन्दा नागरिकको क्षमता र निजी क्षेत्रको लगानी परिचालन गरेर आर्थिक अवसर विस्तार गर्ने कांग्रेसको नीति देखिन्छ। कांग्रेसले आगामी आर्थिक कार्यदिशामा उत्पादन र रोजगारीलाई केन्द्रमा राख्दै युवाको पलायन, कमजोर उत्पादकत्व र आयातनिर्भरता घटाउने लक्ष्य अघि सारेको छ। त्यसको केन्द्रमा भने पासपोर्ट बोकेर विदेशिने युवालाई रोजगारी खोज्ने जनशक्तिबाट उद्यम र सम्पत्ति सिर्जना गर्ने आर्थिक साझेदारमा रूपान्तरण गर्ने अवधारणा राखिएको छ।

# मलेसियामा श्रमिक पठाउने प्रक्रियामा 'सिन्डिकेट'को खतरा, व्यवसायी संघ आक्रोशित

■ सौर्य समाचार




काठमाडौं। मलेसियामा नेपाली श्रमिक पठाउने प्रक्रियालाई सीमित वैदेशिक रोजगार व्यवसायी संस्थाको हातमा केन्द्रित गर्न खोजिएको भन्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आपत्ति जनाएको छ।

संघले 'एफडब्लुसिएमएस' प्रणालीमार्फत सीमित संस्थालाई मात्र सूचीकृत गरी श्रमिक पठाउने व्यवस्था गर्न लागिएको भन्दै यस्तो अभ्यासले वैदेशिक रोजगार क्षेत्रमा प्रतिस्पर्धा र पारदर्शिता कमजोर बनाउने चेतावनी दिएको हो।

पत्रकार सम्मेलनमार्फत संघले पारदर्शी र वस्तुगत मापदण्डबिनै व्यक्तिगत पहुँच तथा अनधिकृत चलखेलका आधारमा केही संस्थालाई छनोट गर्ने प्रयास भए त्यसलाई स्वीकार गर्न नसकिने जनाएको छ।

मलेसिया नेपाली श्रमिकका लागि महत्त्वपूर्ण रोजगारी गन्तव्य भएकाले त्यहाँको श्रम बजार खुला राख्नुपर्ने संघको भनाइ छ। तर, मलेसिया खुलाउने नाममा सीमित व्यवसायीलाई मात्रै अधिकार दिने प्रणाली भने मान्य नहुने उसले स्पष्ट पारेको छ।

संघले मलेसिया बन्द गर्ने आफ्नो उद्देश्य नभएको जनाउँदै श्रमिकलाई रोजगारीको अवसर निरन्तर उपलब्ध गराउने तर त्यसका लागि सिन्डिकेटरहित, पारदर्शी र प्रतिस्पर्धात्मक प्रणाली बनाउनुपर्ने माग गरेको छ।

नेपाल सरकारले कानुनी रूपमा इजाजत दिएका करिब १ हजार २०० वैदेशिक रोजगार व्यवसायीमध्ये सीमित संस्थालाई विदेशी निजी प्रणालीमार्फत छनोट गरी श्रमिक पठाउने अधिकार दिन खोज्नु राज्यको नियमनकारी अधिकारसँग समेत जोडिएको विषय भएको संघको तर्क छ।

संघका अनुसार यस्तो अभ्यास मलेसियामा मात्रै सीमित नरही भविष्यमा अन्य श्रम गन्तव्यमा समेत दोहोरिन सक्ने जोखिम छ। विगतमा विभिन्न मुलुकमा मेडिकल, बायोमेट्रिक, भिसा तथा अन्य प्रक्रियामा सीमित प्रणाली वा एकाधिकारका कारण समस्या उत्पन्न भएको उदाहरणबाट पाठ सिक्नुपर्ने संघले जनाएको छ।

सीमित व्यवसायीको नियन्त्रणमा श्रमिक पठाउने व्यवस्था भए प्रतिस्पर्धा घट्ने, सेवा शुल्क तथा अन्य लागत बढ्ने, पारदर्शिता कमजोर हुने र अनौपचारिक रकम असुली बढ्न सक्ने संघको दाबी छ। त्यसको अन्तिम भार भने नेपाली श्रमिकमै पर्ने संघको भनाइ छ।

संघले 'एफडब्लुसिएमएस'मा सूचीकृत हुन केही आर्थिक कारोबार भएको भनिएको विषयमा समेत छानबिन गर्न माग गरेको छ। त्यस्ता कारोबारबारे प्राप्त सूचनाको सत्यता वा असत्यताबारे आफूहरूले निष्कर्ष ननिकालेको भन्दै संघले सम्बन्धित सरकारी निकायले अनुसन्धान गरी वास्तविकता सार्वजनिक गर्नुपर्ने जनाएको छ।

संघका अध्यक्ष डिकबहादुर (कुमार) ले मलेसिया आवश्यक छ, तर सिन्डिकेट आवश्यक छैन भन्दै खुला श्रम बजारमा एकाधिकार स्वीकार्य नहुने बताए।

उनले नेपालको कानुन र राज्यको नियमनभन्दा माथि कुनै निजी प्रणाली वा समूहलाई स्थापित गर्न नहुने उल्लेख गर्दै मलेसियामा सुरु गर्न खोजिएको भनिएको अभ्यास रोक्न नसकिए अन्य श्रम गन्तव्यमा समेत त्यस्तै व्यवस्था दोहोरिन सक्ने चेतावनी दिए।

'यो विषय व्यवसायीको मात्र होइन, नेपालको श्रम आप्रवासनको भविष्य र राज्यको अधिकारसँग जोडिएको विषय हो,' अध्यक्ष डिकबहादुरले भने।

संघले वैदेशिक रोजगार क्षेत्रलाई सिन्डिकेटमुक्त र प्रतिस्पर्धात्मक बनाउन सबै सरोकारवालालाई एकजुट हुन आग्रह गर्दै श्रमिकको अधिकार, खुला श्रम बजार र नेपालको कानुनको पक्षमा उभिन अपिल गरेको छ।

# रेसुंगामा जिपलाइन र स्काई साइक्लिङ सञ्चालनको तयारी



गुल्मी। गुल्मीको रेसुंगामा पर्यटकलाई लक्षित गर्दै निर्माण गरिएको जिपलाइन र स्काई साइक्लिङ सञ्चालनको अन्तिम तयारी पूरा भएको छ। गर्जुरामा निर्माण गरिएका दुवै साहसिक खेलको अन्तिम परीक्षण सफल भएसँगै आगामी एक साताभित्र नियमित सेवा सुरु गर्ने तयारी गरिएको हो।

रेसुंगा नगरपालिकाका अनुसार परीक्षणका क्रममा करिब ४० जनाले जिपलाइन र स्काई साइक्लिङको अनुभव लिएका छन्। ५६८ मिटर लामो जिपलाइन पार गर्न करिब ५८ सेकेन्ड लागेको परीक्षणमा सहभागी लक्ष्मी खनालले बताए। उनका अनुसार जिपलाइनबाट यात्रा गर्दा साहसिक अनुभवसँगै रेसुंगाको प्राकृतिक सौन्दर्यसमेत अवलोकन गर्न सकिन्छ। नगरपालिकाले पर्यटन प्रवर्द्धनलाई थप गति दिने उद्देश्यले साहसिक पर्यटनका यी पूर्वाधार निर्माण गरेको हो। नगरप्रमुख खिलध्वज पन्थीले जिपलाइन र स्काई साइक्लिङ सञ्चालनमा आएपछि रेसुंगामा पर्यटकको आकर्षण अझ बढ्ने विश्वास व्यक्त गरे।

प्रशासकीय अधिकृत विनोद मरासिनीका अनुसार आगामी एक साताभित्र दुवै सेवा नियमित सञ्चालनमा ल्याइनेछ। प्रारम्भिक चरणमा नगरपालिकाले नै यसको व्यवस्थापन तथा संयोजन गर्नेछ। जिपलाइनका लागि ६०० र स्काई साइक्लिङका लागि ४०० रुपैयाँ शुल्क निर्धारण गरिएको छ। समुद्री सतहबाट करिब २ हजार ३०० मिटर उचाइमा रहेको रेसुंगाबाट माछापुच्छ्रे, धवलागिरिलगायत हिमशृंखलाका साथै आसपासका मनोरम प्राकृतिक दृश्य अवलोकन गर्न सकिन्छ। रेसुंगा पार्क आसपास ऐतिहासिक तथा धार्मिक महत्त्वका यज्ञशाला, महापोखरी, सिद्धस्थान, रामकुवा, विष्णुपादुका र साउनेलगायत स्थलसमेत रहेका छन्।

रेसुंगा-९ गुल्मीस्थित खनाल इन्फ्रा प्रालिले १ करोड २५ लाख रुपैयाँको लागत सम्झौतामा निर्माण सुरु गरेको जिपलाइन तथा स्काई साइक्लिङ योजना विभिन्न समस्याका कारण लामो समयदेखि अलपत्र परेको थियो। निर्माण सम्पन्न भए पनि परीक्षण बाँकी रहेकाले भुक्तानीसमेत रोकिएको थियो।

पछिल्लो समय गुल्मीमा आन्तरिक तथा बाह्य पर्यटकको आवागमन बढिरहेका बेला नयाँ साहसिक पर्यटन पूर्वाधार थपिएपछि रेसुंगाको पर्यटन गतिविधि थप चलायमान हुने अपेक्षा गरिएको छ।


**PUBLIC NOTICE**

I, **Nathmal Saraf [AT237149]** S/o Raj Kumar Saraf and Sarita Saraf, R/o Sayapatri Chowk, ward no.-11, Fulbari, Pokhara, Nepal and **Purna Maya Gurung [PA2510479]** D/o Dil Bahadur Gurung and Bishnu Maya Gurung, R/o Sangam tole, ward no-13, Bajhapatan, Pokhara, Nepal have got married at **Hotel Grand, Birauta,** ward no-17, Pokhara, Nepal on 17th January, 2018 as per Indian traditions. Since, then we have been living as Husband and Wife. We have published this notice for registration of our marriage at Embassy of India, Kathmandu. If anyone has any objection to the marriage, he/she can contact **+977-9856023693** and **Embassy of India, Kathmandu on: cons.kathmandu@mea.gov.in**

अनुसूची-३
दफा २१ सँग सम्बन्धित

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस फर्म र कम्पनीले भारत बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल :

| S. N | मालवस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | एकाई | प्रति इकाई मुल्य (INR) | अधिकतम खुद्रा बिक्री मुल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Yuvraj 215 Tractor | Diesel Eingine Tractor | Mahindra | Yuvraj 215 | 15 HP | India | Unit | 2,60,157 | 8,19,860 | |
| 2 | Mahindra JIVO 245DI - 4WD with Power Steering, OIB | Diesel Eingine Tractor | Mahindra | JIVO 245 DI-4WD | 24 HP | India | Unit | 4,02,145 | 11,73,627 | |
| 3 | Yuvo Tech + 475 DI (PS SC) | Diesel Eingine Tractor | Mahindra | Yuvo Tech + 475 DI | 45 HP | India | Unit | 5,30,000 | 15,69,741 | |
| 4 | Mahindra YUVO TECH+ 575 DI PS SC Tractor | Diesel Eingine Tractor | Mahindra | YUVO TECH + 575 DI | 47 HP | India | Unit | 5,46,944 | 16,11,281 | |
| 5 | Mahindra YUVO TECH+ 585 DI PS DC Tractor | Diesel Eingine Tractor | Mahindra | YUVO TECH + 585DI | 50 HP | India | Unit | 5,85,025 | 17,05,769 | |
| 6. | Arjun Ultra 605 DI Dual Clutch 2WD | Diesel Eingine Tractor | Mahindra | Arjun Ultra 605 DI | 60 HP | India | Unit | 6,15,000 | 18,64,100 | |
| 7. | Mahindra Arjun NOVO 605DI -2WD | Diesel Eingine Tractor | Mahindra | ARJUN NOVO 605 DI | 60 HP | India | Unit | 6,40,272 | 19,13,798 | |
| 8. | Mahindra Arjun Novo 605 DI - 4WD | Diesel Eingine Tractor | Mahindra | ARJUN NOVO 605 DI | 60 HP | India | Unit | 7,75,268 | 22,78,718 | |
| 9. | Mahindra 755 DI - 4WD Tractor | Diesel Eingine Tractor | Mahindra | 755 DI | 75 HP | India | Unit | 8,55,272 | 24,83,078 | |

**पैठारीकर्ताको नाम : अप्सन नेपाल प्रा.लि.** **स्थायी लेखा न. ३००९७६५२६**
**ठेगना : धनगढी-०३, कैलाली** **फोन न. ९८०१३७६८०१**

**रसुवा केरुङ् ट्रक तथा कन्टेनर व्यवसायी**
**को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना**

कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको प्रा.लि.नं.१४१०५४ को **रसुवा केरुङ् ट्रक तथा कन्टेनर व्यवसायीको** मुनाफा वितरण नगर्ने कम्पनीको मिति २०८३/०६/१९ मा सम्पन्न कम्पनीको विशेष साधारण सभाले कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्नलिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ।

**दुर्ग प्रसाद खनाल (लिक्विडेटर)** प्रमाण पत्र नं.: ५१७
सम्पर्क नं. ९८५११२५६००, काठमाडौं, नेपाल।

**नेपाल सरकार**
**उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७८/०३/०३ मा दर्ता भएको प्रा.लि.नं. २६३६७९ को **इन्टरनेशनल डिजिटल हब प्रा. लि.** नामक कम्पनी यस कार्यालयमा दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुदाँ उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर**
**कम्पनी दर्ता खारेजीको ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७६-११-०५ मा दर्ता भएको **त्रीशक्ति एड सर्भिस प्राइभेट लिमिटेड** (प्रा.लि.नं. २३४७५६) नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**PUBLIC NOTICE**

I **Utkarsh Agrawal Id No:- (S4058340)** S/o Gopal Das Sahewal and Rajani Agarwal R/o (Nohar, Rajasthan, Gaurighat Kathmandu- Nepal and **Saumya Dhandharia Id No.-Y8747763** D/o Sunil Kumar Dhandharia and Reena Dhandharia R/o Kanpur Nagar, Uttar Pradesh, Gaurighat, Kathmandu have got married at **Agrawal Bhavan, Kathmandu on 02-03-2024** as per Indian Traditions Since, Then we have been living as husband and wife, we have published this notice for registration of our marriage at embassy of India Kathmandu. If anyone has any objection to the marriage, he/ she can contact: **9851035923** and also in **embassy of India Kathmandu on: cons.kathmandu@mea.gov.in**

**गोलिया काठ तथा दाउरा चट्टा बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना**

**(पहिलो पटक सूचना प्रकाशित मिति २०८३/०६/२० ) शौर्य राष्ट्रिय दैनिक विस्तृत सूचना**

यस सामुदायिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रका समुहको स्वीकृत वन व्यवस्थापन योजना अनुसार डि.व.का.बाँकेको च.नं.३०५५ मिति २०८२/१२/०३ गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा तथा ढलापडा रुखहरुबाट समुहमा आन्तरिक खपत भई बाँकी रहेका काठ दाउरा डि.व.का. बाँकेको च.नं.५७९ मिति २०८३/०५/१६ को बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका साल, कर्मा, जामुन, खयर , वृ.सिसौ , बर्रो र दबदबे जातका गोलिया थान ९९४ को २९८५.९४ घन.फीट काठ र साल जातको दाउरा ४.२५ चट्टा , वृ.सिसौ जातको दाउरा ४.२५ चट्टा र अन्य जातको दाउरा ८.५ चट्टा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थमा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले सूचिकृत भएका काठ व्यवसायीहरुले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिनको समय दिउसो २:०० बजे सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत सूचना यस समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई सुचित गरिन्छ।

**अध्यक्ष**
**श्री राम जानकी सामुदायिक वन उपभोक्ता समुह ,**
**राप्तीसोनारी गा.पा. वडा नं. ४, बाँके**

**Birtamode Municipality**
**Office of The Municipal Executive**
**Birtamode, Jhapa**
**Koshi Province, Nepal**

**Invitation for Bids (03/083-84)**

**Date of Publication: 20th Ashoj 2083 (06th October 2026)**

Birtamode Municipality invites sealed bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures. Eligible Bidders may obtain further information from PPMO website www.ppmo.gov.np or Birtamode Municipality website www.birtamodmun.gov.np.

| S.N. | Contract ID. | Name of Project | Bid Document Fee (NRs.) | Estimated Amount (without VAT & Contingency but including PS) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bidding Procedure | Last date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BTMMUN/ WORKS/ NCB-10/083-84 | Construction of Interlocking Concrete Paver Block Roads at Birtamode Municipality, Ward No. 1, Jhapa | 3000 | 51,81,112.13 | 1,30,000 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure | 2083/07/10 (27th October 2026) 12:00 PM | 2083/07/10 (27th October 2026) 01:00 PM |
| 2 | BTMMUN/ GOODS/ NCB-11/083-84 | Procurement, Supply and Delivery of Medicines and Surgical Items for Birtamode Municipal Hospital Pharmacy Phase II | 3000 | 1,86,73,564.2 | 4,70,000 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure | 2083/07/10 (27th October 2026) 12:00 PM | 2083/07/10 (27th October 2026) 01:00 PM |

1. Information to deposit the cost of the bidding document in Bank & Bid Security in Bank:

Name of Bank : NIC Asia Bank Ltd.
Name of Office : Birtamode Municipality, Jhapa
Office Code No. : 801011205
Office Revenue (Rajaswa) Account No. : 2462050028354002
Office Revenue (Rajaswa) Head No. : 14229
Bid Security (Dharauti) Account No. : 246CA50018870005

**Chief Administrative Officer**

एसियाडमा नेपाल

# स्वर्णको सपना अधुरै, २ कास्यमै सीमित



■ दीपेन्द्र सापकोटा

काठमाडौं। २०औं संस्करणको एसियाली खेलकुद (एसियाड) मा नेपाल २ कास्य पदकमा सीमित भएको छ। गत ३ असोजमा जापानमा औपचारिक रूपमा सुरु भएको २०औं एसियाड आइतबार सकिँदा नेपाल २ कास्यमा सीमित भएको हो।

नेपाललाई करातेको कुमिते विधातर्फ ८४ केजीभन्दा माथिको तौल समूहमा तेन्जिङ शेर्पाले नेपाललाई पहिलो पदकको रूपमा कास्य दिलाएका थिए। कुशल श्रेष्ठको प्रशिक्षणमा यो पदक सम्भव भएको हो। तेन्जिङ थोरै अंकले मात्रै सेमिफाइनलमा पराजित भएका थिए।

त्यसपछि महिला कबड्डी टोलीले पनि अर्को कास्य नै थप्यो। महिला कबड्डीमा कास्य मानमती विष्टको कप्तानीमा सम्भव भएको हो। टोलीमा नानुमाया पराजुली, मनीषा जोशी, मेनुका राजवंशी, विनिता पण्डित, आस्मा यादव, मीना नेपाली, रविना चौधरी, सिर्जना थारू, खिममाया खत्री र गंगा घिमिरे समावेश थिए। प्रशिक्षकमा पार्वती राई र व्यवस्थापकमा शरद दर्शनधारी थिए।

एसियाडमा महिला कबड्डीमा नेपालले लगातार दोस्रोपटक कास्य पदकमा चित्त बुझाएको छ। भारतसँग ४८-२४ अंकले पराजित भएपछि नेपालले कास्यमा सीमित हुनुपरेको हो। नेपालले भारतलाई कडा चुनौती दिने प्रयास गरे पनि भारतीय टोलीले सुरुदेखि नै खेलमा पकड जमाएको थियो। पहिलो हाफमै भारतले ३१-१७ को अग्रता बनाएको थियो। दोस्रो हाफमा पनि भारतले नेपाललाई दबाबमा राख्दै १७-७ अंकले बाजी मारेको थियो। यसअघि नेपालले श्रीलंकालाई हराएर अन्तिम ४ को यात्रा तय गरेको थियो।

यो नतिजासँगै नेपालले एसियाली खेलकुदमा महिला कबड्डीतर्फ लगातार दोस्रो संस्करणमा कास्य पदक जितेको हो। सन् २०२३ मा चीनको हाङजाउमा भएको १९औं एसियाडमा पनि नेपाल सेमिफाइनलमा भारतसँगै पराजित भएको थियो। त्यतिबेला पनि नेपालले कास्य प्राप्त गरेको थियो।

नेपाल स्वर्ण पदक जित्ने लक्ष्यसहित जापान प्रस्थान गरेको थियो। तर नेपालले रजत पनि जित्न सकेन। करातेमा पदकको आशा गरिएकी एरिका गुरुङ सेमिफाइनलमा पराजित हुँदै पदकविहीन भइन्। महिला ६८ केजीमाथि १९औं संस्करणकी एरिका काजकिस्तानकी मोस्ताफासँग ८-७ ले चुकिन्। एरिकाले चीनमा भएको यसअघिको संस्करणमा रजत पदक जितेकी थिइन्। यसैकारण, यो पटक पनि उनीबाट आशा राखिएको थियो।

## गत संस्करणभन्दा खराब नतिजा

नेपालले एसियाडमा हालसम्म ३ रजत, २५ कास्यसहित २८ पदक जितेको छ। एसियाडको २०औं संस्करण खेलिसक्दा पनि नेपालले स्वर्ण जित्न सकेको छैन। नेपालले सन् १९८६ मा दक्षिण कोरियामा भएको एसियाडबाट पदकको खाता खोलेको थियो। त्यसबेला नेपालले ८ वटा कास्य जितेको थियो। सन् १९९८ मा थाइल्यान्डमा भएको एसियाडमा सबिता राजभण्डारीले नेपाललाई पहिलो रजत दिलाएकी थिइन्। यसपछि नेपालले अर्को रजत जित्न २० वर्ष कुर्नुपर्‍यो। सन् २०१८ मा इन्डोनेसियामा भएको प्रतियोगितामा प्याराग्लाइडिङ टोलीले रजत जितेको थियो। यो टिम इभेन्टमा नेपालको पहिलो रजत थियो।

यसपछि सन् २०२३ मा भएको पछिल्लो संस्करणमा एरिका गुरुङले करातेमा रजत दिलाएकी थिइन्। चीनमा भएको सो एसियाडमा पनि नेपालले योपल्टजस्तै २ वटा पदक जितेको थियो। तर, एउटा पदक रजत थियो। यसैले यो वर्षको नतिजालाई गत वर्षको भन्दा खराब नतिजा मान्न सकिन्छ।

नेपाल सन् १९५१ को पहिलो संस्करणदेखि ८२ को सातौं संस्करणसम्म पदकविहीन थियो। त्यसयता नेपालले कम्तीमा एउटा कास्य जित्दै आएको छ। त्यसयता सन् १९९०, २०१०, १४ र १८ मा अहिलेको भन्दा खराब नतिजा बेहोरेको थियो। सन् १९९४ मा भने नेपालले समान २ कास्य जितेको थियो। सन् १९८६ (८ कास्य), ९८ (१ रजत, ३ कास्य), २००२ (३ कास्य), २००६ (३ कास्य), २०२३ (१ रजत, १ कास्य) मा भने अहिलेको भन्दा उत्कृष्ट नतिजा आएको थियो।



अघिल्लो संस्करणको तुलनामा यस पटक खराब नतिजा आए पनि नेपाली खेलाडीको प्रदर्शनबाट पूर्णतः निराश हुने अवस्था भने रहेन। समग्रमा प्रदर्शन मिश्रित रह्यो। धेरै खेलाडीले प्रारम्भिक तथा महत्वपूर्ण चरणमा बलिया प्रतिद्वन्द्वीको सामना गर्नुपर्‍यो। यसले गर्दा सोचेजति पदक हासिल हुन नसकेको प्रशिक्षकहरूको भनाइ छ। यो पटकको एसियाडमा नेपालले २१ खेलमा भाग लिएको थियो। १३५ खेलाडी प्रतिस्पर्धामा थिए।

## चीनलाई पहिलो स्थान

जापानको ओइची-नागोयामा भएको प्रतियोगितामा ३४१ पदकसहित चीनले पहिलो स्थान हासिल गरेको छ। चीनले १६९ स्वर्ण, ८९ रजत र ८३ कास्य जित्दै यो पटक पनि एसियामा आफ्नो दबदबा कायम राख्न सफल रह्यो। यस्तै, आयोजक जापान ३९ स्वर्ण, ९५ रजत र ९१ कास्यसहित दोस्रो स्थानमा रहँदा दक्षिण कोरिया ३९ स्वर्णसहित १५० पदक जितेर तेस्रो स्थानमा रह्यो। यसैगरी भारत २१ स्वर्णसहित ८५ पदक जितेर चौथो स्थानमा रह्यो।

# ओमानमा तय हुँदै छ नेपालको एकदिवसीय भविष्य



काठमाडौं। नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीका लागि आगामी ओमान भ्रमण केवल अर्को अन्तर्राष्ट्रिय शृंखला मात्र होइन, एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता जोगाउने निर्णायक अवसर बनेको छ। आइसिसी विश्वकप लिग-२ को अन्तिम शृंखलामा नेपालले घरेलु टोली ओमान र क्यानडासँग प्रतिस्पर्धा गर्दै छ।

लिग-२ को अंक तालिकामा सातौं स्थानमा रहेको नेपालले शीर्ष ६ मा उक्लिनसके सोझै एकदिवसीय मान्यता सुरक्षित गर्नेछ। त्यसो हुन नसके विश्वकप क्वालिफायर प्लेअफबाट एकदिवसीय मान्यता जोगाउनुपर्ने दबाब नेपालमाथि हुनेछ। यही कारण ओमानमा हुने ४ खेल नेपालको क्रिकेटका लागि विशेष महत्त्वका भएका छन्।

चारै खेल जित्ने लक्ष्यसहित नेपाली टोली सोमबार बिहान ओमानतर्फ प्रस्थान गरेको छ। टोलीले क्यानडासँग २ तथा ओमानसँग २ खेल खेल्नेछ। लगातार जित निकाल्नसके नेपालले अंकतालिकामा आफ्नो स्थिति सुधार गर्दै एकदिवसीय मान्यता जोगाउने सम्भावना बलियो बनाउन सक्छ।

कप्तान सन्दीप लामिछाने टोली पछिल्लो समय राम्रो लयमा रहेकाले ओमानमा सकारात्मक नतिजा निकाल्नेमा विश्वस्त छन्। उनले एसिसी प्रिमियर कप तथा यसअघि ओमानमै खेलेका खेलबाट प्राप्त अनुभवले टोलीको आत्मविश्वास बढाएको बताए।

'एसिसी प्रिमियर कप र त्यसअघि ओमानमा हाम्रो जुन प्रदर्शन रह्यो, त्यो हाम्रो लागि मनोवैज्ञानिक रूपमा सकारात्मक कुरा हो। त्यसलाई अझै राम्रो ऊर्जाका साथ अगाडि बढाउनेछौं। टिम अहिले एकदम राम्रो लयमा छ', कप्तान लामिछानेले भने।

एसियन गेममा मौसमका कारण अपेक्षित खेल हुन नसके पनि त्यसले टोलीको तयारी र मनोबलमा ठुलो असर नगरेको उनको भनाइ छ। 'मौसमले साथ नदिँदा एसियन गेममा हामी दुर्भाग्यवश रोकियौं। नत्र एकदम राम्रो तरिकाले अगाडि बढिरहेका थियौं', उनले भने।

लामिछानेले राष्ट्रिय टोलीमा नयाँ खेलाडीको आगमनलाई पनि टोलीको बलियो पक्षका रूपमा लिनुपर्ने बताए। राष्ट्रिय टोलीमा स्थान बनाउनु आफैंमा ठुलो उपलब्धि भएकाले नयाँ खेलाडीलाई आत्मविश्वास दिलाउने वातावरण निर्माण गर्न सञ्चारमाध्यम, समर्थक र क्रिकेटसँग सम्बन्धित सबै पक्षको भूमिका महत्त्वपूर्ण हुने उनको भनाइ छ।

'राष्ट्रिय टोलीलाई प्रतिनिधित्व गर्नु सानो कुरा होइन। यहाँसम्म आइपुग्न धेरै साहस चाहिन्छ र काँधमा ठुलो जिम्मेवारी हुन्छ', उनले भने, 'यहाँ आइसकेपछि को सानो, को ठुलो, को कुन खेलाडी भन्ने हुँदैन। हामी सबै जना नेपालको राष्ट्रिय टोलीका लागि खेलिरहेका छौं। नेपालको लागि खेल्ने एउटै सपना हामी सबैको हो।'

नेपाललाई विश्वकप क्वालिफायरमा पुर्‍याउने र त्यहाँ पनि प्रभावकारी प्रदर्शन गर्ने लक्ष्यका साथ टोली अघि बढिरहेको कप्तान लामिछानेले बताए। त्यसका लागि मैदानबाहिर पनि सकारात्मक वातावरण आवश्यक रहेको उनको भनाइ छ।

यसैबीच नेपाल क्रिकेट संघ (क्यान) का सचिव पारस खड्काले ओमानमा हुने खेलमा खेलाडीले दबाब व्यवस्थापन गर्ने क्षमता महत्त्वपूर्ण हुने बताएका छन्। एसियन कन्डिसनमा खेल्दा नतिजाभन्दा खेलको दिन टोली र खेलाडीले दबाबलाई कसरी सम्हाल्छन् भन्ने पक्ष निर्णायक बन्न सक्ने उनको भनाइ छ।

'अहिले अपेक्षा धेरै छन्। त्यो अपेक्षालाई टिमका रूपमा व्यवस्थापन गर्नुपर्छ', खड्काले भने, 'जसरी यहाँहरूले मैदानभित्र र मैदानबाहिर प्रदर्शन गर्दै आउनुभएको छ, त्यही स्पिरिटका साथ खेल्दै फेरि पनि नेपाललाई जिताउनुहुनेछ भन्ने विश्वासमा नेपाल क्रिकेट संघ यहाँहरूको साथमा छ।'

खड्काले घरेलु क्रिकेटको संरचना पनि अन्तिम चरणमा पुगेको र आगामी दिनमा धेरैभन्दा धेरै प्रतियोगिता आयोजना गर्ने तयारी भइरहेको जानकारी दिए। राष्ट्रिय टोलीमाथि बढ्दै गएको अपेक्षालाई सकारात्मक रूपमा व्यवस्थापन गर्दै खेलाडीलाई आवश्यक वातावरण उपलब्ध गराउनेतर्फ क्यान प्रतिबद्ध रहेको उनको भनाइ छ।

विश्वकप लिग-२ अन्तर्गत नेपालले २५ र ३१ असोजमा क्यानडासँग तथा २७ असोज र २ कात्तिकमा ओमानसँग खेल्नेछ। यी ४ खेलबाट प्राप्त हुने अंकले नेपालको एकदिवसीय भविष्य कुन बाटोमा जाने भन्ने धेरै हदसम्म निर्धारण गर्नेछ। *(सौस)*

# १०औं राष्ट्रिय खेलकुदको तयारी तीव्र, ११ टोली र ३२ खेलमा प्रतिस्पर्धा




■ सौर्य समाचार

सुर्खेत। कर्णाली प्रदेशमा आयोजना हुने १०औं राष्ट्रिय खेलकुद प्रतियोगितालाई व्यवस्थित र भव्य रूपमा सम्पन्न गर्न आयोजकले तयारी तीव्र बनाउने निर्णय गरेको छ। प्रतियोगिताको मिति नजिकिँदै जाँदा पूर्वाधार, व्यवस्थापन, खेल सञ्चालन र पारा राष्ट्रिय खेलकुदका विषयलाई समेत प्राथमिकतामा राखेर काम अघि बढाइने भएको हो।

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा आइतबार बसेको १०औं राष्ट्रिय खेलकुद प्रतियोगिताको मूल आयोजक समितिको बैठकले प्रतियोगितालाई भव्य, सभ्य र व्यवस्थित बनाउन विभिन्न निर्णय गरेको हो।

आगामी १६ देखि २७ मंसिरसम्म कर्णाली प्रदेशका सुर्खेतलगायत विभिन्न जिल्लामा हुने प्रतियोगितामा ७ प्रदेश, ३ विभागीय टोली र गैरआवासीय नेपाली संघ (एनआरएनए) गरी ११ टोली सहभागी हुनेछन्। प्रतियोगितामा ३२ खेल विधामा खेलाडीले प्रतिस्पर्धा गर्ने राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहताले जानकारी दिए।

बैठकले प्रतियोगिता आयोजना गर्ने सरकारको गत २२ भदौको निर्णयको स्वागत गर्दै त्यसका लागि धन्यवादसमेत ज्ञापन गरेको छ। प्रतियोगिताको सफल आयोजनालाई प्रदेशको खेलकुद विकास र राष्ट्रिय खेलकुदको प्रवर्द्धनसँग जोडेर अघि बढाउने प्रतिबद्धता बैठकले व्यक्त गरेको छ।

## पूर्वतयारीलाई तीव्रता

प्रतियोगिता सञ्चालनका लागि आवश्यक पूर्वतयारीका कामलाई तीव्रता दिने निर्णयसमेत बैठकले गरेको छ। राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०८३ को अधीनमा रही प्रतियोगिताका लागि आवश्यक व्यवस्थापकीय तथा प्राविधिक काम अघि बढाउन कार्यसम्पादन समितिलाई निर्देशन दिइएको सदस्यसचिव मेहताले बताए।

प्रतियोगिता सञ्चालनका क्रममा खेलस्थल व्यवस्थापन, खेलाडी तथा टोलीको आवास, यातायात, सुरक्षा, स्वास्थ्य, खेल सामग्री, स्वयंसेवक परिचालनलगायतका विषयमा आवश्यक तयारी अघि बढाइनेछ। प्रतियोगिता निर्धारित समयमै प्रभावकारी ढंगले सम्पन्न गर्न विभिन्न विषयगत जिम्मेवारीलाई स्पष्ट बनाउने तयारीसमेत गरिएको छ।

## विषयगत उपसमिति गठन गरिने

मूल आयोजक समितिले प्रतियोगिता सञ्चालनका लागि आवश्यक विभिन्न विषयगत उपसमिति गठन गर्ने निर्णय गरेको छ। खेल सञ्चालनदेखि व्यवस्थापनसम्मका छुट्टाछुट्टै जिम्मेवारी तोकेर काम अघि बढाउँदा प्रतियोगितालाई थप व्यवस्थित बनाउन सकिने अपेक्षा गरिएको छ। त्यसैगरी, मूल आयोजक समितिको काम, कर्तव्य र अधिकारको सीमाभित्र रही प्रतियोगितासम्बन्धी आवश्यक कार्य गर्न कार्यसम्पादन समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरिएको छ। यसबाट दैनिक व्यवस्थापन र पूर्वतयारीका काममा निर्णय प्रक्रियालाई सहज बनाउने अपेक्षा गरिएको छ।

## पारा राष्ट्रिय खेलकुद पनि प्राथमिकतामा

बैठकले १०औं राष्ट्रिय खेलकुदसँगै प्रथम पारा राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका विषयलाई पनि प्राथमिकतामा राखेको छ। पारा खेलकुदको आयोजनाका लागि सार्वजनिक-निजी साझेदारीको अवधारणा अवलम्बन गर्ने र प्रायोजकसँग भएका समझदारी कार्यान्वयनमा लैजाने निर्णय गरिएको छ।

आयोजकका अनुसार राष्ट्रिय खेलकुदलाई केवल प्रतियोगितामा सीमित नराखी यसको व्यवस्थापन, सहभागिता र खेलाडीको सुविधालाई समेत प्रभावकारी बनाउने गरी तयारी अघि बढाइनेछ।

कर्णालीमा पहिलोपटक राष्ट्रियस्तरको यति ठुलो खेलकुद प्रतियोगिता आयोजना हुन लागेकाले यसलाई प्रदेशको खेलकुद पूर्वाधार, पर्यटन र आर्थिक गतिविधि प्रवर्द्धनको अवसरका रूपमा समेत हेरिएको छ। प्रतियोगिताका लागि प्रदेशका विभिन्न जिल्लामा खेल सञ्चालन हुने भएकाले आयोजनास्थलको तयारीसँगै खेलाडी तथा पदाधिकारीको आवागमन र व्यवस्थापनलाई पनि चुनौतीका रूपमा लिइएको छ।

मूल आयोजक समितिले तोकिएको समयसीमाभित्र सबै तयारी पूरा गरी १०औं राष्ट्रिय खेलकुदलाई प्रतिस्पर्धात्मक, अनुशासित र व्यवस्थित राष्ट्रिय खेल महोत्सवका रूपमा सम्पन्न गर्ने लक्ष्य राखेको छ।

# अर्यालको पुस्तक नेपाल-जापान खेल सम्बन्ध बारे टोकियोमा अन्तरक्रिया

■ सौर्य समाचार

टोकियो। खेल पत्रकार नवीन अर्यालको 'नेपाल-जापान खेल सम्बन्ध' नामक पुस्तकको विषयमा जापानको राजधानी टोकियोमा अन्तरक्रिया कार्यक्रमको आयोजना भएको छ। जापानमा लामो समयदेखि बसोबास गर्दै आइरहेका नेपाली समुदायको उपस्थितिमा आइतबार साँझ टोकियोस्थित एक रेस्टुरेन्टमा आयोजना भएको कार्यक्रममा लेखक अर्यालले पुस्तकको बहुआयामिक पक्षबारे प्रकाश पारेका थिए।

अर्यालले नेपाल र जापानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पूरा भए पनि यी २ देशबीच त्योभन्दा अगाडिदेखि नै खेलकुदको सम्बन्ध स्थापित भइसकेको बताए। 'दोस्रो विश्वयुद्धपछि नेपाल र जापानलाई नजिक ल्याउने माध्यम नै खेलकुद हो। सन् १९५१ मा भारतको नयाँ दिल्लीबाट सुरु भएको पहिलो एसियाडमार्फत नेपाल र जापानबीच सम्बन्ध स्थापना भएको देखिन्छ,' उनले भने, 'त्यतिबेला आयोजक भारतले उपलब्ध गराएको घरमा नेपाल र जापानका खेलाडीहरू तलको फ्ल्याट र माथिको फ्ल्याटमा बसेका थिए। यहीँबाट सम्बन्धको सुरुआत भएको हो।'

अन्तरक्रिया कार्यक्रममा गैरआवासीय नेपाली संघ (एनआरएनए) का वरिष्ठ उपाध्यक्ष रोविनप्रसाद शेरचनले नेपाल-जापानको खेल कूटनीति बुझ्न अर्यालको पुस्तक कोसेढुंगा सावित हुने बताए। पूर्वगोलकिपर अजर अधिकारीले पनि नेपाल र जापानबीचको खेल सम्बन्धलाई उजागर गरेर लेखक अर्यालले जापानमा बसोबास गर्ने नेपालीहहरूलाई गौरवान्वित तुल्याएको बताए।



पूर्वमिडफिल्डर शिव खड्काले आफू खेलाडी हुँदा अर्यालले फुटबलमा हुने बेथितिविरुद्ध सशक्त आवाज उठाएको बताउँदै जापानमा पुस्तक पढ्न पाउँदा खुसी लागेको बताए। यस्तै, पूर्वमिडफिल्डर वसन्त गौचनले पनि लेखक अर्यालले पुस्तक तयार पार्न धेरै मिहिनेत गरेको भन्दै जापानमा पुस्तक विमोचन गरेकोमा बधाई दिए।

जापान-नेपाल मैत्री संघका निर्देशक शरद कुमार गौचनले खेलकुदको माध्यमले देशलाई कसरी जोड्दो रहेछ भन्ने बुझ्न अर्यालको पुस्तक पढ्नुपर्ने बताए।

कार्यक्रममा अर्यालले पुस्तक तयार पार्न आफूलाई २ वर्षको समय लागेको बताए। कार्यक्रममा उनले पुस्तकबारे जापानमा बसोबास गर्ने नेपाली समुदायले चासो राखेको र विमोचन कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने सबैप्रति आभार प्रकट गरे।

जापानको आइची-नागोया सहरमा हालै सम्पन्न २०औं संस्करणको एसियाली खेलकुद (एसियाड) को सन्दर्भ पारेर लेखक अर्यालले १८ सेप्टेम्बरमा नागोया सहरमा पुस्तक विमोचन गरेका थिए। अर्याल नेपाली खेलकुदको इतिहास लेख्ने लेखक पनि हुन्। ३ वर्षअघि उनको पुस्तक 'नेपाली खेलकुदको वृत्तान्त' प्रकाशनमा आएको थियो। अर्याल विगत २७ वर्षदेखि खेल पत्रकारितामा सक्रिय छन्।

# दृश्यम-३ ले बलिउडमा मच्चायो तहल्का, ३ दिनमै २७२ करोड भारु कमायो



■ एजेन्सी

मुम्बई। अजय देवगन स्टारर फिल्म 'दृश्यम-३ : द कन्क्लुजन' ले प्रदर्शनको पहिलो सप्ताहान्तमै बक्स अफिसमा जबरजस्त प्रभाव देखाएको छ। ३ दिनअघि अक्टोबर २ मा रिलिज भएको फिल्मले भारतमा १७६.५० करोड भारु नेट कमाउँदै विश्वव्यापी कमाइ २७२.८० करोड भारु पुर्‍याएको छ।

अभिषेक पाठक निर्देशित यो क्राइम-थ्रिलरले आइतबार मात्र भारतमा ६१ करोड भारु नेट कमाएको थियो। शुक्रबार ६२ करोड र शनिबार ५३.५० करोड कमाएको फिल्मले तेस्रो दिनमा फेरि उछाल लिएपछि पहिलो सप्ताहान्तको कुल कमाइ १७६.५० करोड पुगेको हो।

भारतमा फिल्मको ग्रस कमाइ ३ दिनमै २११.८० करोड भारु पुगेको छ भने विदेशबाट ६१ करोड भारु थपिएको छ। यससँगै फिल्मको विश्वव्यापी ग्रस २७२.८० करोड पुगेको हो। यो सफलता अजय देवगनका लागि पनि विशेष बनेको छ। 'दृश्यम-३' ले उनको करिअरकै सबैभन्दा ठुलो ओपनिङ सप्ताहान्त बनाएको छ। व्यापार विश्लेषकहरूका अनुसार फिल्मले अब सोमबारको प्रदर्शनमा पनि बलियो पकड कायम राख्नसके ३०० करोड भारुको क्लबमा प्रवेश गर्ने सम्भावना उच्च छ।

फिल्ममा अजय देवगनसँगै तब्बु, श्रिया सरन, जयदीप अहलावत र प्रकाश राजलगायत कलाकारको अभिनय छ। यो 'दृश्यम' फ्रेन्चाइजको तेस्रो तथा अन्तिम अध्यायका रूपमा प्रस्तुत गरिएको छ।

रोचक कुरा के छ भने 'दृश्यम' फ्रेन्चाइजले २ अघिल्ला फिल्मबाट भारतमा जम्मा ३०७.६७ करोड भारु नेट कमाएको थियो। तेस्रो भागले मात्र २ दिनमा ११२.९८ करोड थपेपछि तीनै फिल्मको संयुक्त कमाइ ४२०.६५ करोड भारु पुगेको छ।

बक्स अफिसको यो रफ्तारलाई हेर्दा 'दृश्यम-३' अजय देवगनको सबैभन्दा सफल फिल्म बन्ने दौडमा अघि बढेको छ। अब फिल्मको पहिलो साताको प्रदर्शनले यसको वास्तविक 'ब्लकबस्टर' हैसियत कति माथि पुग्छ भन्ने निर्धारण गर्नेछ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष तथा प्रधानसम्पादक : बोधराज त्रिपाठी । सम्पादक : खेम भण्डारी । कार्यालय, पानीपोखरी, काठमाडौं । फोन: ०१४५२०१९५ । पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com । मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर